नीति छलफलपत्र : शृङ्खला-१

# नेपाली प्रेसमा मानवअधिकार

कुन्दन अर्याल

Alliance for
Social Dialogue

यो पुस्तिका नीतिगत छलफल अगाडि बढाउने उद्देश्यले प्रकाशन गरिएको हो । एएसडीको पूर्व स्वीकृतिबिना यस पुस्तिकालाई बौद्धिक तथा शैक्षिक प्रयोजनबाहेक अन्य प्रयोजनका लागि प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ । यस पुस्तिकामा व्यक्त विचार, विश्लेषण र निष्कर्ष लेखकका निजी हुन् र त्यसमा एएसडीको सहमति हुनैपर्छ भन्ने छैन ।

© Alliance for Social Dialogue (सामाजिक संवादका लागि सहकार्य)

ISBN: 978 9937 2 3840 3

आवरण सज्जाः शेहनाज बानु

प्रथम संस्करणः अगस्ट २०११

एलायन्स फर सोसल डायलग सचिवालय

सोसल साइन्स बहाः

पोस्ट बक्स नं. २५३३४, काठमाडौं, नेपाल

फोनः ४४७२८०७, फ्याक्सः ४४६१६६९

asd@asd.org.np

www.asd.org.np

# धन्यवाद

यो कार्यपत्र एलायन्स फर सोसल डायलग (एएसडी) को सहयोगमा तयार गरिएको हो । यस अध्ययनका क्रममा मैले कैयन् ज्ञाताहरूको सुझाव लिएको छु । तीमध्ये प्रत्यक्षतः बहुमूल्य सुझाव प्रदान गर्ने स्वतन्त्र पत्रकार विनोद भट्टराई एवं एएसडीका सहनिर्देशक प्रेम सापकोटाप्रति आभार प्रकट गर्दछु । अध्ययनका निम्ति घच्घच्याउने र काठमाडौं, महेन्द्रनगर तथा ललितपुरमा छलफलका निम्ति व्यवस्था मिलाउने एएसडी तथा जानकारी उपलब्ध गराउने सबै सञ्चारकर्मीप्रति कृतज्ञता व्यक्त गर्दछु ।

— कुन्दन अर्याल

# विषयसूची


| | | |
|---|---|---|
| | प्रकाशकीय | ४ |
| | सारांश | ५ |
| १. | परिचय | ६ |
| २. | अध्ययन विधि | ७ |
| ३. | विश्लेषण | ९ |
| ४. | निष्कर्ष | ३६ |
| ५. | सुझाव | ३९ |
| ६. | सन्दर्भसामग्री | ४० |

# प्रकाशकीय

वि.सं. २०६२-६३ को जनआन्दोलनपछि नेपालमा राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक विषयसँग जोडिएका थुप्रै नयाँ मुद्दा र पक्षहरू सतहमा आएका छन् । तिनले शासनपद्धति, राजनैतिक प्रक्रिया र विगतमा स्थापित सामाजिक सम्बन्धमा अनेकन् थप प्रश्न उठाएका छन् । अहिले भइरहेका छलफल र बहसलाई विश्लेषण गर्दा राज्य र नागरिकको सम्बन्ध तथा नागरिक-नागरिकबीचको सम्बन्धमा यति धेरै प्रश्नहरू सायद नेपालको इतिहासमा पहिलो पटक उठेका होलान् भन्न सकिन्छ ।

वि.सं. २०६३ पछि पहिचान, प्रतिनिधित्व, पुनर्वितरण, अधिकारका साथै विगतमा भएको उपेक्षा र भेदभावका लागि क्षतिपूर्ति, सवलीकरण र समावेशीकरण जस्ता विषयहरूमा प्रशस्त छलफल र बहसहरू भइरहेका छन् । यी विषयहरूलाई सम्बोधन गरेर अघि बढ्ने पद्धति र प्रक्रियाहरू भने स्थापित भइसकेका छैनन् ।

यही कुरालाई ध्यानमा राख्दै एलायन्स फर सोसल डायलग (एएसडी) ले सङ्क्रमणकालीन राजनीति र विभिन्न नीतिसँग सम्बन्धित मुद्दाहरूमाथि छलफलको दायरालाई फराकिलो पार्ने उद्देश्यले नीतिगत मुद्दामा केन्द्रित यो छलफलपत्र प्रकाशित गरेको हो ।

नीति छलफलपत्र शृङ्खलामा नेपाली समाजका विभिन्न विचारलाई प्रस्तुत गर्न सक्ने अनुसन्धानकर्ता तथा विश्लेषकहरूको लेखहरूलाई समेटिनेछ । लेखहरूमा व्यक्त विचार लेखकका निजी हुन् । तिनले एएसडीको संस्थागत धारणालाई प्रतिनिधित्व नगर्न सक्छन् ।

– एलायन्स फर सोसल डायलग (एएसडी) सचिवालय

# सारांश


समाचारको उद्‌गममै कुनै न कुनै रूपमा भयको असर परेका कारण नेपाली दैनिकहरूको समाचार, विषयवस्तु र तिनको प्रस्तुति प्रभावित हुँदै आएको छ। भयरहित वातावरणको अभावमा नेपालको प्रेस/पत्रकारिताले सृजनशीलताको अधिकतम प्रयोग गर्न सकिरहेको छैन। राजनीतिक दल तथा सङ्गठित शक्तिहरूसँगको डर र तिनको धम्की स्वतन्त्र प्रेसविरुद्ध देखिएकाले पनि सञ्चारकर्मी असुरक्षित भएका छन्। घटनाको जानकारी तथ्यका आधारमा जनतालाई तत्काल प्रदान गर्ने पत्रकारिताको धर्म हो। तर प्रचण्ड थैव र उमा सिंह हत्याकाण्ड जस्ता घटनाको ज्यादै चर्चा परिचर्चा गरिए पनि मिडियाका तर्फबाट त्यस सम्बन्धमा आधारभूत अनुसन्धान नगरी प्रतिक्रियात्मक घटनाहरूलाई मात्र समेटेर समाचार बनाएको देखिन्छ। जीवनको अधिकार हननलगायतका मानवअधिकार उल्लङ्घनका घटनाका सम्बन्धमा प्रेस "बताउनुभयो" र "भन्नुभयो" समाचारमै अल्मलिने गरेको छ। मानवअधिकार उल्लङ्घनका घटनाहरूको बारेमा खोजमूलक समाचार नआउनुमा सङ्गठित शक्तिहरूसँगको डर नै प्रमुख कारण हो। नेपाली प्रेसको मुख्य समस्या भयग्रस्त वातावरणले व्यावसायिक स्वतन्त्रतामा पारेको असर हो। सङ्गठित शक्तिहरूका कारण छाएको त्रास निर्मूल गर्न सकिएको खण्डमा मात्र नेपाली पत्रकारहरूले व्यावसायिक सीपको निर्वाध प्रयोग गर्न सक्ने वातावरण सृजना हुन सक्छ। स्वतन्त्र र भयरहित प्रेसले मात्र सृजनशील ढङ्गले आफ्नो भूमिका निर्वाह गर्न सक्छ। त्यसैले राज्य वा गैरराज्य पक्षबाट सङ्गठित रूपमा सृजना हुने त्रासलाई हटाउनु तत्कालको प्राथमिक खाँचो हो।

- समाचारको उद्‌गममै त्रासको मनोविज्ञान रहेकाले हत्या, हिंसा, अपहरण जस्ता मानवअधिकार उल्लङ्घनका घटनाको खोजमूलक समाचार बन्न सकेका छैनन्।
- नेपाली प्रेसमा आममानिस वा कुनै सङ्गगठित शक्तिको संरक्षणभन्दा बाहिर परेका नागरिकको हत्या तथा अपहरणको समाचारको स्थान घट्दै गएको छ।
- मानवअधिकार हननकर्ताको खोजी र कानुनी कार्बाहीको अभावमा दण्डहीनतको अवस्था देखिएकाले होइन संसद अवरुद्ध, बन्द, हडताल, र राजनीतिक दलको वक्तव्य आएका घटनाहरूका मात्र अनुगमन समाचार बनेको देखिन्छ।
- प्रचण्ड थैव र उमा सिंहको हत्यासम्बन्धी रिपोर्टिङ घटनापछिका प्रतिक्रियामा केन्द्रित देखिन्छन्। प्रतिक्रियालाई ठाउँ दिने क्रममा घटनासम्बन्धी आधारभूत सवालहरूको खोजी कार्य भने ओझेलमा परेको देखिन्छ।
- मानवअधिकार उल्लङ्घनका घटनाक्रम वा विषयवस्तुका सन्दर्भमा केही व्यक्तिहरूका भाषण वा भनाइ छापेर नेपाली दैनिकले आमसञ्चारको ट्रान्समिसन मोडेललाई पछ्याएको देखिन्छ। भनेका कुरालाई आफ्नो माध्यमबाट व्यापक बनाइदिने र आफ्नोतर्फबाट भने यस्ता विषयमा कुनै खोजतलास नगर्ने पत्रकारितालाई ट्रान्समिसन मोडेलअनुसारको पत्रकारिता भन्न सकिन्छ।
- मानवअधिकारको संरक्षण वा संवर्द्धनका दृष्टिले हेर्दा प्रेसले कुनै समाचारलाई महत्त्व प्रदान गरेर पीडितलाई सहयोग पुऱ्याउन सक्छ। तर प्रेसले पर्याप्त सचेतता नअपनाएको अवस्थामा अपराधीहरूले छुट पाउने र दण्डहीनता बढ्ने क्रम जारी रहनेछ।

# १. परिचय

नेपाल पत्रकार महासङ्घ, मिडियाको क्षेत्रमा काम गर्ने सङ्घसंस्था, देशका विभिन्न भागमा कार्यरत पत्रकार, मानवअधिकारकर्मी तथा सामाजिक अभियन्ताहरूले सार्वजनिक छलफलहरूमा प्रस्तुत विचार, प्रकाशित वक्तव्य र समाचारहरूमा देशव्यापी रूपमा सञ्चारकर्मीहरूमाझ कुनै न कुनै प्रकारको भय व्याप्त रहेको विषयमा चर्चा हुँदै आएको छ। साथै, मानवअधिकारको संरक्षणका सम्बन्धमा नेपाली मिडियाले व्यवस्थित ढङ्गले सामग्री प्रस्तुत गर्न नसकेको विषयमा पनि छलफल हुने गरेको छ।

नेपालका पत्रकारहरू सरकार र माओवादीबीच विस्तृत शान्ति सम्झौता भइसकेपछिको अवस्थामा पनि सुरक्षित छैनन्। उनीहरू धम्की, कुटपिट र भौतिक आक्रमणको सामना गरिरहेकै छन्। द्वन्द्वपश्चात्‌को समयमा पनि नेपाली पत्रकारहरू स्वतन्त्र रूपमा व्यावसायिक पत्रकारिता गर्न कठिन राजनीतिक वातावरणकै सामना गरिरहेका छन्। सञ्चारकर्मीबीच अहिले पनि कुनै न कुनै रूपमा भय रहिरहेको छ। मानवअधिकार संरक्षणमा मिडियाको भूमिकाका सम्बन्धमा छलफल हुँदा यस्तो चिन्ता व्यक्त गर्दै आएको छ।

जनतालाई निराशा र भयबाट मुक्त गर्न मिडियाको प्रमुख भूमिका हुन्छ। तर सञ्चारकर्मी नै भयमा रहेको अवस्थामा नेपाली मिडियाले कति हदसम्म तथ्यगत सूचनाहरू सङ्कलन गर्न र खोजमूलक समाचार बाहिर ल्याउन सकिरहेका छन् ? मिडियाको भूमिका अपेक्षाकृत प्रभावकारी हुन सकेको छैन भने त्यसका कारणहरू के के हुन सक्छन् ? यिनै प्रश्नहरूलाई आधार मानेर मानवअधिकार उल्लङ्घनका केही घटनासँग जोडिएका समाचारहरूलाई यस कार्यपत्रमा विश्लेषण गरिएको छ। यसैको आधारमा मानवअधिकार संरक्षण र संवर्द्धनमा नेपाली मिडियाको प्रभावकारिता कस्तो रहेको छ भन्ने विषयमा मूल्याङ्कन पनि गरिएको छ।

# २. अध्ययन विधि

मानवअधिकारको संरक्षण र संवर्द्धनमा प्रेसको भूमिकाका सम्बन्धमा विवेचना गर्दा मानवअधिकार उल्लङ्घनका घटनालाई प्रेसले कति स्थान दिएको छ र कस्ता प्रकारका सामग्रीहरू प्रकाशित गरेको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । यस अध्ययनमा मानवअधिकार उल्लङ्घनका घटनाहरूमा चल्तीका केही दैनिक अखबारहरूले प्रस्तुत गरेको समाचारलगायतका सामग्रीको समीक्षा गरिएको छ । सामग्रीहरूको समीक्षाबाट प्रेसको मानवअधिकारसम्बन्धी तदारुकताको मूल्याङ्कन गर्न खोजिएको हो ।

मिडियाले समाचार र अन्य सामग्रीहरू कसरी प्रस्तुत गरे ? त्यस्ता प्रस्तुतिले कस्तो सङ्केत गरेका छन् ? यिनै प्रश्नहरूको उत्तर खोज्ने क्रममा निम्न विधिहरू अवलम्बन गरिएको छ।

## क. समाचार विश्लेषण

### १. समाचार प्रस्तुतिको विश्लेषण र तुलनात्मक अध्ययन

काठमाडौँबाट प्रकाशित हुने चार दैनिकहरू (*अन्नपूर्ण पोष्ट, कान्तिपुर, गोरखापत्र* र *नेपाल समाचारपत्र*) मा प्रकाशित समाचारलगायतका सामग्रीहरूको विश्लेषण गरेर यस कार्यपत्रमा मानवअधिकारका सम्बन्धमा नेपाली मिडियाको भूमिकाको आकलन गरिएको छ । विश्लेषण मानवअधिकारसम्बन्धी समाचार र ती समाचार कसरी प्रस्तुत गरिएका छन् भन्नेमा केन्द्रित छ। यस क्रममा व्यक्तिको जीवनको अधिकार उल्लङ्घनसम्बन्धी केही समाचारहरूको तुलनात्मक अध्ययन पनि गरिएको छ।

*लामो अवधिसम्म चर्चामा आएको घटनाका बारेमा प्रकाशित समाचारहरूको विस्तृत विश्लेषण*

सन् २००९ मा निकै चर्चामा आएको बुटवलको एक हत्याकाण्डका सम्बन्धमा घटनापछिको १८ दिनसम्म चार दैनिक अखबारहरूमा छापिएका सामग्री (समाचार, उक्त घटनासम्बन्धी लेख र सम्पादकीय) को विश्लेषण गरिएको छ।

प्रचण्ड थैव हत्याकाण्ड यो अध्ययन गर्ने समयको आसपासमा घटेको र तुलनात्मक रूपमा पत्रिकाहरूमा लामो अवधिसम्म चर्चामा आएको घटना हो । यही कारण यस घटनामा आधारित समाचारहरूलाई अध्ययनका लागि छनौट गरिएको छ।

## ख. संवाद कार्यक्रम

यस अध्ययनको प्रारम्भिक प्रतिवेदनमाथि काठमाडौं, महेन्द्रनगर र ललितपुरमा आयोजित तीनवटा कार्यक्रममा छलफल गरिएको थियो । उक्त कार्यक्रममा देशका विभिन्न भागबाट आएका पत्रकार, मानवअधिकारकर्मी र सामाजिक अभियन्ताहरूको उपस्थिति थियो ।

**ग. अन्तर्वार्ता**

यस कार्यपत्रमा समेटिएका भयसँग सम्बन्धित विश्लेषणलाई पुष्टि गर्नका लागि नेपाल पत्रकार महासङ्घका ४१ जिल्ला शाखाका सभापतिहरूसँग प्रत्यक्ष कुराकानी गरिएको थियो ।

माथि उल्लेखित विधिहरूका अतिरिक्त, यस अध्ययनसँग सम्बन्धित विगत वर्षहरूका सूचना तथा घटनाहरूको विश्लेषणका लागि 'मानवअधिकार वर्ष पुस्तक नेपाल' तथा कतिपय सामाजिक सङ्घसंस्थाहरूबाट प्रकाशित प्रतिवेदनहरूको अध्ययन गरिएको थियो ।

**घ. अध्ययनको सीमा**

स्रोतसाधन र समयको सीमितताका कारण मानवअधिकार उल्लङ्घनका केही नमुना घटनाहरू र तीसँग सम्बन्धित समाचारहरूलाई मात्र समेटिएको छ ।

# ३. विश्लेषण

## १. दण्डहीनताको शृङ्खला

सशस्त्र द्वन्द्वका समय १० सेप्टेम्बर २००४ मा तत्कालीन नेकपा (माओवादी) ले पत्रकारहरूको राष्ट्रिय भेलाका अवसरमा नेपाल पत्रकार महासङ्घका सभापतिका नाममा पत्र पठाई त्यही वर्ष आफ्ना कार्यकर्ताद्वारा मारिएका पत्रकार डेकेन्द्र थापाको सम्बन्धमा सार्वजनिक आत्मआलोचना गरेको थियो। नेपाल पत्रकार महासङ्घले प्रेस स्वतन्त्रताका सम्बन्धमा माओवादीको नीति र प्रतिबद्धता सार्वजनिक गर्न माग गरेपछि त्यस पार्टीका तत्कालीन प्रवक्ता कृष्णबहादुर महराले उक्त पत्र पठाएका थिए। माओवादी कार्यकर्ताले दैलेखका डेकेन्द्र थापाको हत्या गरेपछि उत्पन्न देशव्यापी आक्रोशलाई सम्बोधन गर्दै पत्रमा लेखिएको थियो, "उक्त घटना हाम्रो पार्टीको केन्द्रीय नीति र निर्देशन विपरीत भएको कुरा स्पष्ट गर्दै पार्टीको तर्फबाट सार्वजनिक आत्मालोचनासहित आगामी दिनमा यस्ता घटना हुन नदिने प्रतिबद्धतासमेत व्यक्त गरिएको छ।" माओवादी केन्द्रीय कार्यालयका तर्फबाट महराद्वारा प्रेषित उक्त पत्रमा भनिएको थियो, "हाम्रो पार्टीले प्रेस स्वतन्त्रता र सूचनाको हक जस्ता कुरालाई सर्वोपरि महत्त्व दिंदै आलोचनात्मक प्रेसलाई संस्थागत गरेर मात्रै वास्तविक प्रेस स्वतन्त्रताको ग्यारेण्टी गर्न सकिन्छ भन्ने कुरामा जोड दिंदै आएको छ।"[१] उक्त पत्रको प्राप्तिसँगै नेपालका पत्रकारहरूले माओवादीबाट आउँदा दिनमा असुरक्षित भइने छैन भन्ने सोचेका थिए।

त्यसपछि चर्चित बाह्र बुँदे समझदारीमा अन्य पार्टीहरूसँगै माओवादीले पनि प्रेस स्वतन्त्रताको सम्मान गर्ने प्रतिबद्धता जनायो। जनआन्दोलनको सफलतापश्चात् एमाले, काङ्ग्रेसलगायतका दलहरूसँगै अन्तरिम संविधान बनाउने काममा माओवादी पनि संलग्न भयो। नेपालको अन्तिरिम संविधानको भाग ३ को मौलिक हकअन्तर्गत धारा १२ मा व्यवस्था गरिएको स्वतन्त्रताको हकअन्तर्गत विचार र अभिव्यक्तिको स्वतन्त्रताको प्रत्याभूति गरियो। धारा १५ मा प्रकाशन, प्रसारण तथा छापाखनासम्बन्धी हकको प्रत्याभूति पनि गरियो।[२] तर डेकेन्द्र थापाको हत्या गरेको चार वर्षपछि अक्टोबर २००७ मा बारामा माओवादी कार्यकर्ताहरूले अर्का पत्रकार वीरेन्द्र साहको हत्या गरे। ५ अक्टोबरमा बेपत्ता परिएका पत्रकार साहका बारेमा सुरुमा माओवादीले त्यस घटनामा आफ्ना कार्यकर्ता असंलग्न भएको जिकीर गरिरह्यो। तर "नेपाल पत्रकार महासङ्घको नेतृत्वमा भएको आन्दोलन चर्किएपछि अन्ततः माओवादीले एक महिनापछि साहलाई आफ्ना कार्यकर्ताले बेपत्ता पारेकै दिन मारेको बताउँदै गल्ती स्वीकार गर्‍यो।"[३] त्यस क्रममा माओवादीले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति पुनः प्रतिबद्धता जनायो। तर छ महिना बित्दा नबित्दै, संविधानसभा निर्वाचनको पूर्वसन्ध्यामा माओवादी नेताहरूले नेपाली प्रेसप्रति आक्रामक अभिव्यक्ति दिन

---

१ *पत्रकारिता* (२०६१), पृ. ५२।

२ युएनडीपी (२०६४), पृ. ६७।

३ *एम एण्ड सी न्युज* (२००७)।

थाले। माओवादी अध्यक्षले नै मिडियाप्रति आक्रामक भएर सार्वजनिक अभिव्यक्ति दिए। त्यस बेला "एक उदीयमान राजनीतिक शक्तिका रूपमा माओवादीलाई शान्तिपूर्ण रूपान्तरणतर्फको मार्गमा अग्रसर हुन सघाइरहेको नेपाली प्रेस प्रचण्डको सार्वजनिक प्रहारबाट स्तब्ध हुन पुगेको थियो।"[४]

अर्कोतर्फ तराईका २० वटा जिल्ला र पूर्वी पहाडका जिल्लाहरूमा समेत सशस्त्र समूहहरू सक्रिय छन्। गृह मन्त्रालयको अभिलेखअनुसार "सन् २००८ को जुलाई महिनासम्म नेपालमा १०९ सशस्त्र विद्रोही समूहहरू प्रचारमा आइसकेका छन्। तीमध्ये अधिकांश तराईमा सक्रिय छन्।"[५] नेपाल पत्रकार महासङ्घका अनुसार सन् २००९ को प्रारम्भिक दुई महिनामै नेपालमा प्रेस स्वतन्त्रता विरोधी ३९ वटा घटना भएका थिए।[६] 'मानवअधिकार वर्ष पुस्तक २०१०' मा अभिलिखित तथ्याङ्कहरूको विश्लेषण गर्दा सन् २००९ भरिमा बाँके, बर्दिया, चितवन, दाङ, धनुषा, झापा, कैलाली, कञ्चनपुर, महोत्तरी, मोरङ, नवलपरासी, पर्सा, रौतहट, रूपन्देही, सप्तरी, सिराहा र सुनसरीमा गरी कुल २४ जना पत्रकार कुटपिटको सिकार भएको देखिन्छ। तीमध्ये ९ जना प्रहरीद्वारा कुटिएका थिए भने अन्य १५ जना माओवादी, मधेस जनअधिकार फोरम, थरुहट संयुक्त सङ्घर्ष समिति र नेकपा एमालेको भ्रातृ सङ्गठन युथ फोर्सको कुटपिटको सिकार भएका थिए। त्यस वर्ष धनुषामा एक जना पत्रकार उमा सिंहको हत्या गरिएको थियो। सन् २००९ भरिमा उल्लेखित जिल्लाहरूमा जनतान्त्रिक तराई मुक्ति मोर्चाका गोइत र राजन समूहलगायत कोचिला लिवरेसन आर्म्ड फोर्स, लिम्बूवान मुक्ति मोर्चा, खम्बुवान मुक्ति मोर्चा, माओवादी, तराई आर्मी, थरुहट प्रदेशका पक्षधर, थरुहट संयुक्त सङ्घर्ष समिति र प्रहरीको समेत गरी कुल २२ जना पत्रकार धम्कीको सिकार भएका थिए।[७]

द्वन्द्व कालमा नेपाली पत्रकार राज्यबाट पनि प्रताडित भएका थिए। तर गैरराज्य पक्षबाट सङ्गठित रूपमा नेपाली पत्रकारहरूमाथि भइरहेको आक्रमणको चर्चा गर्दा भने माओवादी पार्टीकै नाम सबभन्दा पहिले आउँछ। नेपाल पत्रकार महासङ्घमा अभिलिखित विवरणअनुसार द्वन्द्व कालदेखि लोकतन्त्रको आगमन भइसकेपछिसम्म नवराज शर्मा बसन्त (कालीकोट), अम्बिका तिमिल्सिना (मोरङ), ज्ञानेन्द्र खड्का (सिन्धुपाल्चोक), गोपाल गिरी (पर्सा), डेकेन्द्रराज थापा (दैलेख), धनबहादुर रोकामगर (सुर्खेत), खगेन्द्र श्रेष्ठ (धरान), वीरेन्द्रकुमार साह (बारा), जगतप्रसाद जोशी (कैलाली) र प्रकाशसिंह ठकुरी (कञ्चनपुर) माओवादीबाट मारिएका छन्। तीमध्ये साह, जोशी र ठकुरी गरी तीन जना त लोकतन्त्रको स्थापनापछि मारिएका हुन्।

२८ डिसेम्बर २००८ मा हिमाल मिडियामा माओवादी कार्यकर्ताद्वारा आक्रमण गरिएपछिको परिवेशमा, नेपाल पत्रकार महासङ्घ र माओवादीको नेतृत्वमा रहेको सरकारबीच अर्को सहमति भएको थियो।

---

४ *हिमाल खबरपत्रिका* (२०६४)।

५ *कान्तिपुर* (२००८)।

६ *अन्नपूर्ण पोष्ट* (२००९)।

७ इन्सेक (२०१०)।

तर माओवादीको प्रतिबद्धता गर्ने र तोड्ने क्रम निरन्तर अघि बढ्दै गएको देखिन्छ। यस्तो प्रवृत्तिको विश्लेषण गर्दा आफ्नो विरुद्ध त्रास कायमै राखी नकारात्मक प्रचार हुन नदिने व्यवस्थित प्रयत्न त्यस पार्टीबाट हुँदै आएको छ। विस्तृत शान्ति सम्झौता भइसकेपछिका दिनमा पनि माओवादी लाल आतङ्कको अवधारणाबाट टाढा हुन नसकेको त्यस पार्टीका व्यवहारहरूबाट प्रस्ट हुन्छ। माओवादीको एउटा युद्धकालीन दस्तावेजमा लाल आतङ्कको यसरी उल्लेख गरिएको छ, "यद्यपि, लाल आतङ्कको अर्थ अराजकता होइन भन्ने कुरा हाम्रो नीति र आचरण दुवैमा अभिव्यक्त हुन अनिवार्य छ।"[८] तर माओवादीकै अर्को दस्तावेजमा भनिएको छ, "...मुख्यतया दुनैको सफलताले देशको राजनीतिमा नै गुणात्मक प्रभाव पाऱ्यो। पार्टी र जनयुद्धप्रति जनसमुदायको आकर्षणले देशव्यापी रूपमा तीव्रता प्राप्त गऱ्यो। प्रतिक्रियावादी र संशोधनवादीहरूका लागि यो सफलताले लाल आतङ्कको नयाँ चुनौती खडा गऱ्यो।"[९] माओवादीले आफ्नो दस्तावेजमा सफाया भनेर व्यक्ति हत्या सम्बन्धमा स्पष्ट उल्लेख गरेको मात्र छैन, त्यस्तो हत्याको औचित्यसमेत साबित गर्न खोजेको छ, "दुश्मनको भौतिक सफायाका सन्दर्भमा दुश्मन र अवसरवादीहरूले गर्ने कुत्सित प्रचारबाजीबाट हामी अनावश्यक प्रभावित हुन आवश्यक हुन्न।"[१०] माओवादीको व्यक्ति हत्याका सम्बन्धमा खासगरी पत्रकार डेकेन्द्र थापाको हत्यापछि व्यापक आलोचना भएको थियो। राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा भएको आलोचनापछि माओवादीले आफ्ना कार्यकर्तालाई दिएको निर्देशन यस्तो छ, "अतः आगामी दिनमा ग्रमीण क्षेत्रका कसैले पनि सफाया गर्नुपर्दा निश्चित टिम वा त्यसका निश्चित सदस्य गएर सोझै खतम नगरी निश्चित जनवादी वैधानिक तरिका अपनाउने व्यवस्था सुनिश्चित गर्न जरुरी छ।"[११] आमकार्यकर्ता पङ्क्तिलाई यसरी प्रशिक्षित गर्ने माओवादीको केन्द्रीय नीति मिडियाउपरको आक्रमणका घटनाहरूका निम्तिसमेत जिम्मेवार देखिन्छ।

## २. भयको असर

सन् २००९ को डिसेम्बरदेखि सन् २०१० सम्म गरिएको यस अध्ययनका क्रममा सन् २००६ को जनआन्दोलनपछिको अवधिममा पनि भयको मनोविज्ञानले समाचारको उद्गममै समाचारलाई दबाउने वा नभएको घटनालाई समाचारका रूपमा थोपर्ने प्रवृत्तिको विकास भएको देखिन्छ।

### भएको असर समाचारको उद्गममै

*घटना १ः स्थानीय संवाददाताहरूले जोखिम मोल्न नचाहेकोले मानवअधिकार उल्लङ्घनका समाचार स्थानीय र राष्ट्रिय स्तरका कुनै पनि मिडियामा आएनन्।*

२ अप्रिल २००८ का दिन डोल्पाको कालिका गा.वि.स. ५ निवासी एमाले जिल्ला कमिटी सदस्य

८ *नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का ऐतिहासिक दस्तावेजहरू* (२०६४), पृ. २४६।

९ ऐ.ऐ., पृ. २०३।

१० ऐ.ऐ., पृ. २४६।

११ ऐ.ऐ.।

दत्तबहादुर रोकायालाई ४०/५० जनाको सङ्ख्यामा आएका वाई.सी.एल. कार्यकर्ताको एक समूहले कुटपिट गरी गम्भीर घाइते बनायो। प्रमुख जिल्ला अधिकारीले करवाड इलाका प्रहरी कार्यालयबाट एक टोली घटनास्थलतिर पनि पठाए। स्थानीय निकायबाट प्राप्त जानकारीअनुसार उक्त समाचार स्थानीय र राष्ट्रिय स्तरका कुनै पनि मिडियामा आएन।

यस्तो समाचार नेपाली प्रेसमा यसअघिपछि आउँथ्यो कि आउँदैन थियो त ? अथवा त्यस घटनामा समाचार मूल्य छ कि छैन त ? ७ अप्रिल २००९ को *नेपाल समाचारपत्र*को सातौं पृष्ठमा यस्तै प्रकारको समाचार दुई कोलममा प्रकाशित भएको छ। दैलेखको डेटलाइनमा "माओवादी सेनाले एमाले कार्यकर्ता कुटे" शीर्षकको समाचारको आरम्भमै माओवादी जनमुक्ति सेनाका दुई जनाले दैलेखको लालीकाँडा गाविसका सक्रिय एमाले कार्यकर्तालाई कुटपिट गरी गम्भीर घाइते बनाएको जनाइएको छ। यसरी हेर्दा माथि उल्लेखित डोल्पाको कुटपिटको घटना पनि समकालीन नेपाली पत्रकारितामा समाचारको मूल्यरहित देखिंदैन। तर स्थानीय संवाददाताहरूले जोखिम मोल्न नचाहेकोले उक्त घटना समाचारका रूपमा प्रकाशित वा प्रसारित हुन नसकेको प्रस्टै देखिन्छ।

*घटना २: घटना भएको चार दिनपछि मात्र समाचार-राजनीतिक पार्टीहरूले पत्रकार सम्मेलन गरी नभ्रुक्भ्रुक्याएसम्म स्थानीय पत्रकारले समाचार सम्प्रेषण गर्न सकेनन्।*

६ अप्रिलको *कान्तिपुर*को पृष्ठ ९ मा काङ्ग्रेस कार्यकर्तामाथि कुटपिट शीर्षकको समाचार दोलखा डेटलाइनमा छापिएको छ। ५ अप्रिलको डेटलाइनमा छापिएको समाचारको आरम्भमा माओवादीले काङ्ग्रेसको च्यामा गाउँ समिति सभापति र उनकी पत्नीलाई कुटपिट गर्दै कालोमोसो लगाएर गाउँ घुमाएको जनाइएको छ।

> काठमाडौंबाहिर भएका केही हत्यासम्बन्धी समाचारलाई केलाउँदा काठमाडौंबाट छापिंदै आएका सबै राष्ट्रिय दैनिकहरूले घटनासम्बन्धी समाचार पर्सिपल्ट मात्र प्रकाशित गर्ने गरेको देखिन्छ। मूलतः प्रतिक्रियामा आधारित समाचार नै मिडियामा छाएको देखिन्छ। तर त्यसरी प्रकाशित समाचार पनि पहिलो सूचना दिने समाचारभन्दा फरक प्रकृतिका हुने गरेका छैनन्। रेडियो र टेलिभिजनले प्रसारित गरिसकेका भन्दा बढी सूचना पर्सिपल्ट प्रकाशित हुने अखबारहरूमा पनि आउने गरेका छैनन्।

चरिकोटमा काङ्ग्रेसका जिल्ला सभापति र एमाले सचिवसमेतको उपस्थितमा भएको पत्रकार सम्मेलनपछि काङ्ग्रेसले जारी गरेको लिखित वक्तव्यका आधारमा उक्त समाचार छापिएको थियो। १ अप्रिल राती अनैतिक कार्यमा पक्राउ परेका माओवादी जिल्ला सचिवालय सदस्यले भोलिपल्टै उनीहरूमाथि कुटपिट गरेका थिए। त्यसपछि ५ अप्रिलका दिन पत्रकार सम्मेलनको आयोजना गरिएको थियो। दुईवटा प्रमुख राजनीतिक पार्टीहरूले पत्रकार सम्मेलन गरी घटनाका बारेमा नभ्रुक्भ्रुक्याएसम्म स्थानीय पत्रकारले २ अप्रिलको घटनालाई समाचारका रूपमा सम्प्रेषण गरेका थिएनन्।

*घटना ३ः तथ्य समाचार प्रकाशित भएन ।*

सन् २००९ मा भएको त्रिभुवन विश्वविद्यालय क्याम्पसहरूका स्ववियु निर्वाचनका क्रममा बुटवल क्यम्पसमा माओवादीका युवाहरूले मतपेटिका मिल्काएपछि निर्वाचन स्थगित भएको थियो । तर राती त्यसरी मतपेटिका मिल्काइएपछि एकाबिहानै माओवादीले स्थानीय पत्रकारलाई फोन गर्दै भने, हामीले मिल्काएका होइनौं । त्यसपछि कुनै मिडियमा माओवादीका कारण चुनाव स्थगित भएको तथ्य प्रकाशित वा प्रसारित हुन सकेन ।[१२] त्रिभुवन विश्वविद्यालयअन्तर्गत आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पसमा १९ मार्च २००९ का दिन स्वतन्त्र विधार्थी युनियनको निर्वाचन भएको थियो ।

*घटना ४ः सेल्फसेन्सरसिपको नमुना*

बुटवलमा सुरुदेखि नै एमालेले प्रचण्ड थैवको हत्या सुजित विक नामका माओवादी कार्यकर्ताले गरेको कुरा जनाउँदै आएको थियो । एमालेको भनाइले मिडियामा ठाउँ त पायो । तर सुजित विकको तस्बिर उपलब्ध हुँदाहुँदै पनि कुनै पनि अखबारले छापेनन् । त्यस बेला उनको तस्बिरको समाचार मूल्य निकै थियो । त्यसरी तस्बिर छाप्न नसक्नुलाई बुटवलका पत्रकार सेल्फसेन्सरसिपको नमुना ठान्दछन् ।[१३]

*घटना ५ः भयका कारण समाचार*

समाचार मूल्य नै नभएको अवस्थामा पनि कतिपय समाचार बनाउनु परेका घटना खासगरी मध्य तथा पूर्वी तराईका जिल्लाहरूमा भएको देखिन्छ । १७ जुलाई २००९ सप्तरीको पिप्रा पश्चिममा पूर्वप्रहरीहरूले ट्रकमा आगजनी गरेको घटनालाई आफ्नो समूहका तर्फबाट जिम्मा लिई समाचार बनाउन एक सशस्त्र समूहले पत्रकारहरूलाई दबाब दियो । कुनै विद्युतीय सञ्चारमाध्यमबाट त्यस बेहोराको समाचार प्रसारित पनि भयो ।[१४]

## ३. प्रतिक्रियामुखी प्रेस

*घटना १ः नेपाली काङ्ग्रेसका महासमिति सदस्य जुम्लाका उमाकान्त हमालको हत्यासम्बन्धी समाचारः मानवअधिकार हनन भएका घटनामध्ये प्रतिक्रिया जनाइएका घटनाहरूको मात्र मिडिया अनुगमन*

नेपाली काङ्ग्रेसका महासमिति सदस्य जुम्लाका उमाकान्त हमालको २२ मे २००९ राती हत्या गरियो । भोलिपल्ट कुनै पनि ठूला दैनिकहरूमा उनको हत्याको समाचार छापिएनन् । २४ मेको *अन्नपूर्ण पोष्ट*को प्रथम पृष्ठमा नेपालगन्जको डेटलाइनमा छापिएको सङ्क्षेपअन्तर्गत एक कोलमको “काङ्ग्रेस महासमिति सदस्य हमालको हत्या” शीर्षकको समाचारमा जुम्ला काङ्ग्रेस सभापति मानव सेजुवालले हमालको हत्या माओवादीबाटै भएको सूचना आफूले पाएको बताइएको छ । तर माओवादी जुम्लाका सेक्रेटरी

१२ ओएचसिएचआर (२००९) ।

१३ ऐ.ऐ. ।

१४ सामाजिक संवादका लागि सहकार्य ।

उदयले भने हमालको हत्यामा पार्टीको संलग्नता नरहेको बताएका छन् ।

हमालको हत्यासम्बन्धी समाचार २४ मेकै *कान्तिपुर*मा पनि छापिएको छ । पृष्ठ ५ मा जुम्ला डेटलाइनमा छापिएको “काङ्ग्रेस महासमिति सदस्यको हत्या” शीर्षकको एक कोलमको समाचार केही विस्तृत छ । हमाल द्वन्द्व कालमा सात वर्षसम्म विस्थापितसमेत भएका थिए भन्ने समाचारमा जनाइएको छ ।

त्यही दिनको *नेपाल समाचारपत्र*को मुखपृष्ठमा जुम्लाको डेटलाइनमा छापिएको दुई कोलमको समाचारको शीर्षक पनि *कान्तिपुर*को जस्तै छ । समाचारको आरम्भमा काङ्ग्रेस जुम्लाका नेता हमालको माओवादी कार्यकर्ताद्वारा १२ बजे मध्यरातमा अपहरण गरी निर्मम रूपमा पिटेर हत्या गरिएको जनाइएको छ ।

*गोरखापत्र*मा भने त्यही समाचार काठमाडौं डेटलाइनमा छापिएको छ । २४ मेकै *गोरखापत्र*को पृष्ठ ३ मा डबल कोलममा छापिएको “अपहरण गरी हमालको हत्या” शीर्षकको समाचारको आरम्भमै हमाललाई नकावधारी समूहले निर्ममतापूर्वक पिट्दै हत्या गरेको काङ्ग्रेसले जनाएको बताइएको छ । काङ्ग्रेसले दोषीउपर कार्बाहीको माग गरेको जनाउँदै समाचारमा हमालको शव शनिवार बिहान घरपछाडि भेटिएको पनि काङ्ग्रेसले नै जनाएको बताइएको छ ।

२४ मेको *नयाँ पत्रिका*मा उक्त घटनासम्बन्धी समाचार छापिएको छैन । तर त्यही दिनको *दी हिमालयन टाइम्स*ले मुखपृष्ठमै “अपहरित नेपाली काङ्ग्रेस महासमिति सदस्य मारिए” शीर्षकमा नेपालगन्ज डेटलाइनमा पाँच कोलमको समाचार छापेको छ ।

उल्लेखित सबै समाचारमा महासमिति सदस्य हमाल किन मारिए होलान् भन्ने जिज्ञासा शान्त हुने खालको विवरण पाइँदैन । ढिलो गरी उनको हत्याको समाचार छापियो ।

हमालको हत्यासम्बन्धी समाचार केही दिनपछि पुनः दोहोऱ्याएर ५ जूनका अखबारहरूमा आयो । यस पटक समाचारका विषयवस्तु अघिल्लो दिन उनको तेह्रौं पुण्य तिथिका अवसरमा आयोजित कार्यक्रम थियो ।

जीवनको अधिकार हनन भएका असङ्ख्य घटना अखबारहरूमा छापिन्छन् । तर तीमध्ये प्रतिक्रिया उत्पन्न भएका घटनालाई मात्र मिडियाले अनुगमन गर्ने गरेको देखिन्छ ।

> यहींनेर प्रश्न उठ्छ, हत्यापछि त्यति तीव्र प्रतिक्रिया उत्पन्न नभएको भए वा उमाको ठाउँमा कोही सर्वसाधारण भएको भए ठूला दैनिक अखबारका पानामा त्यस घटनासम्बन्धी समाचार छापिने थियो कि थिएन होला ?

*घटना २. पत्रकार उमा सिंहको हत्याः हत्यापछि जनकपुरमा उत्पन्न प्रतिक्रियासम्बन्धी समाचार छापिए तर खोजमूलक समाचार बनाइएन ।*

११ जनवरी २००९ मा साँझ सवा सात बजे घातक आक्रमणमा परेकी जनकपुरकी पत्रकार उमा सिंहको चार घण्टापछि निधन भयो । उपचारका लागि काठमाडौं लैजाँदै गर्दा राती करिब ११ बजे

बर्दिबासमा उमाको मृत्यु भएको थियो । *नेपाल समाचारपत्र*बाहेक भोलिपल्टका अन्य राष्ट्रिय दैनिकहरूमा उमामाथि भएको आक्रमणका सम्बन्धमा कुनै समाचार छापिएनन् । भोलिपल्ट जनकपुरमा देखिएको तीव्र प्रतिक्रियालाई समेत समटेर पर्सिपल्ट अखबारहरूले पत्रकार उमाको निधनसम्बन्धी समाचारलाई ठाउँ दिए । अखबारहरूमा एकैचोटि उमाको हत्या र हत्यापछि जनकपुरमा उत्पन्न प्रतिक्रियासम्बन्धी समाचार छापिए ।

१३ जनवरीको *कान्तिपुर*मा जनकपुरको डेटलाइनमा “पत्रकार सिंहको हत्या” शीर्षकको समाचार छापिएको थियो । समाचारमा हत्या गरिएको सूचना र त्यस घटनाबाट उत्पन्न विरोध, बन्द, कालोपट्टी, प्रदर्शन जस्ता प्रतिक्रिया पनि समेटिएको थियो ।

*अन्नपूर्ण पोष्ट*ले पनि उमा सिंहको हत्या र त्यसबाट उत्पन्न परिस्थितिसम्बन्धी समाचार १३ जनवरीका दिन छाप्यो । त्यस दिन उक्त अखबारमा “पत्रकार उमा सिंहको हत्या” र “पत्रकार सिंहको हत्यापछि जनकपुर शोकमग्न” शीर्षकका दुई समाचार छापिएका छन् । तर “पत्रकार उमा सिंहको हत्या” शीर्षकमा छापेको घटनासम्बन्धी जानकारी दिने समाचारमा किन होला भन्ने प्रश्नको उत्तर खोज्ने प्रयत्न गरिएको छैन । समाचारमा अज्ञात समूहले आइतवार साँझ सवा सात बजेतिर जनकपुर १४ स्थित डेरामा प्रवेश गरी पत्रकार सिंहमाथि धारिलो हतियार प्रहार गरेको जनाइएको छ । प्रहरीलाई उद्धृत गर्दै सिराहा महेशपुर ४ घर भएकी पत्रकार सिंहको शरीरको सात ठाउँमा धारिलो हतियार प्रहार गरिएको पनि समाचारमा उल्लेख गरिएको छ । तर समाचरका आधारभूत “छ क” हरूमध्ये किनको उत्तर समाचारमा पाइँदैन । त्यसको सट्टा हत्यापछिको प्रतिक्रियालाई बढी महत्त्व दिइएको छ । खोजमूलक समाचार बनाइएको छैन ।

*अन्नपूर्ण पोष्ट*ले १५ जनवरीका दिन “पत्रकार उमाका हत्याराको अझै पहिचान हुन सकेन” शीर्षकको समाचार छापेको छ । तर यो समाचार पनि हत्याको विरोधमा जनकपुरमा भएका गतिविधिमा केन्द्रित छ । समाचारमा प्रमुख जिल्ला अधिकारीको औपचारिक उद्धरण पनि परेको छ । भोलिपल्टको *अन्नपूर्ण पोष्ट*मा पनि “उमालाई सहिदको सम्मान र हत्यारालाई कार्बाही हुन्छः महरा” शीर्षकका दुई समाचार छापिएका छन् । दुवै समाचारमा घटनाक्रमको विवरण छ ।

### ४. मानवअधिकार र प्रेसको निगरानीः प्रचण्ड थैव हत्यापश्चात् प्रकाशित समाचारको विश्लेषण

२६ मार्च २००९ राती ९:४५ बजे नेकपा (एमाले) को भ्रातृ सङ्गठन युथ फोर्स रूपन्देहीका जिल्ला सदस्य प्रचण्ड थैव मारिए । भोलिपल्ट थैवको हत्याको समाचार काठमाडौंबाट प्रकाशित हुने *अन्नपूर्ण पोष्ट, कान्तिपुर, गोरखापत्र* र *नेपाल समाचारपत्र* लगायतका दैनिकहरूमा छापिएन । घटनाको तेस्रो दिनमा उक्त दैनिकहरूमा घटनाले उत्पन्न गरेको प्रतिक्रियाका समाचार छापिए । त्यस दिन सबै दैनिकहरूमा एमाले युवाहरूको प्रदर्शनले महत्त्वपूर्ण स्थान पाए ।

मिडियाले समाचार र अन्य सामग्रीहरू कसरी प्रस्तुत गरे ? ती प्रस्तुतिले कस्तो सङ्केत गरेको छ वा

ती प्रस्तुतिलाई कसरी बुझ्न सकिन्छ ? यस्तै जिज्ञासासहितको विश्लेषणका लागि *अन्नपूर्ण पोष्ट, कान्तिपुर, गोरखापत्र* र *नेपाल समाचारपत्र*मा छापिएका थैवको हत्यासम्बन्धी पहिलो जानकारी समाचार र त्यसपछिको अनुगमन समाचार तल प्रस्तुत गरिएको छ।

**क. *अन्नपूर्ण पोष्ट***

२७ मार्च २००९: थैव हत्याससम्बन्धी समाचार छापिएको छैन।

२८ मार्च २००९: मुखपृष्ठमा रूपन्देहीको डेटलाइनमा पाँच कोलममा छापिएको “युथफोर्सका सदस्य प्रचण्डको हत्या” मुख्य शीर्षकको समाचारमा बुटवलमा अघिल्लो दिन माओवादीका जनवर्गीय सङ्गठनमा गरिएको घेराउको तीन कोलमको तस्बिरसहित घटनाको सूचना र त्यसपछि उत्पन्न प्रतिक्रिया समेटिएको छ। समाचारको मुनिपट्टि काठमाडौं डेटलाइनमा “माओवादी नसच्चिए सरकारबाट बाहिरिने एमालेको चेतावनी” शीर्षकको पाँच कोलमको समाचारमा एमाले केन्द्रीय समितिको शुक्रवार बसेको बैठकले थैव हत्याको सन्दर्भमा छलफल गर्दै सरकारबाट बाहिरिने चेतावनी दिएको जनाइएको छ।

त्यही दिन पृष्ठ ५ मा “थैव हत्याको विरोधमा दाङ र पाल्पा बन्द” शीर्षकको चार कोलमको समाचार दाङको डेटलाइनमा छापिएको छ। कर्फ्यु जारी गरिएपछि सुनसान भएको राजमार्गको तीन कोलमको तस्बिरसमेत समाचारमा समेटिएको छ।

२९ मार्च २००९: मुखपृष्ठमा रूपन्देहीको डेटलाइनमा छापिएको “सरकार छोड्न एमालेलाई दबाब” शीर्षकमा चार कोलमको समाचारअन्तर्गत दुई उपशीर्षक छन्, “मारिएका थैवको अन्त्येष्टि” र “शवयात्रामा हजारौं सहभागी।” सोही समाचारभित्र “हाम्रो संलग्नता छैनः माओवादी” शीर्षकको बक्स समाचार पनि छापिएको छ। पृष्ठ १० मा पाल्पा डेटलाइनमा छापिएको “एमालेद्वारा विरोध प्रदर्शन” शीर्षकको चार कोलमको समाचारभित्र “सरकार छोड्न एमाललेलाई कार्यकर्ताको दबाब” शीर्षकको तीन कोलमको अर्को समाचार पनि प्रकाशित छ। पृष्ठ ४ मा “वाई.सी.एल. नसुध्रिए एमाले सरकारबाट हट्छ” शीर्षकको समाचार भक्तपुरको डेटलाइनमा छापिएको छ। समाचारमा तत्कालीन स्थानीय विकास मन्त्री एवं एमाले नेता रामचन्द्र झाको भाषणलाई समेटिएको छ। त्यस दिन *अन्नपूर्ण पोष्ट*ले “बुटवल बबन्डर” शीर्षकमा प्रस्तुत गरेको सम्पादकीयमा आफ्ना कार्यकर्ता दोषी रहेछन् भने माओवादी उनीहरूलाई रक्षाकवच दिएर जोगाउने बाटोमा लाग्नु हुँदैन भनिएको छ। घटनाको आगो निभाउने मूल दायित्व सरकारको नेतृत्व गरिरहेको र वाई.सी.एल.का कारण बारम्बार विवादमा तानिएको माओवादीको काँधमा आएको धारणा सम्पादकीयमा व्यक्त गरिएको छ।

३० मार्च २००९: थैव हत्यासम्बन्धी कुनै सामग्री छापिएको छैन।

३१ मार्च २००९: पृष्ठ ३ मा “छानबिनका लागि संयुक्त कार्यदल गठन गर्ने सहमति” शीर्षकमा तीन कोलममा काठमाडौंको डेटलाइनमा छापिएको समाचारमा माओवादी र एमालेका नेताहरूबीच बुटवल घटनाबारे छानबिन गर्न संयुक्त कार्यदल गठन गर्ने सहमति भएको जनाइएको छ। त्यही दिनको *अन्नपूर्ण पोष्ट*को पृष्ठ ५ मा “बन्द र कर्फ्युले रूपन्देहीको जनजीवन कष्टकर” शीर्षकको रूपन्देही डेटलाइनमा छापिएको समाचारमा बन्दका कारण तरकारीको मूल्य रूपन्देहीमा अकासिएको जनाइएको छ।

१ अप्रिल २००९: पृष्ठ ३ मा “माओवादी र एमालेबीच चर्काचर्की” शीर्षकमा छापिएको पाँच कोलमको समाचारको उपशीर्षकमा सत्तासीन एमाले, प्रतिपक्षी काङ्ग्रेस र तमलोपाद्वारा संसद चल्न नदिने चेतावनी दिइएको उल्लेख गरिएको छ। काठमाडौं डेटलाइनमा छापिएको उक्त समाचारमा एमालेले आफ्ना कार्यकर्ता थैवको हत्यारालाई कार्बाही नगरेसम्म व्यवस्थापिका संसदको कार्बाही अघि बढ्न नदिने चेतावनी दिएको जनाइएको छ। समाचारमा अघिल्लो दिनको बैठकको विवरण प्रस्तुत गरिएको छ। पृष्ठ ५ मा “पाँचौं दिन पनि भैरहवामा तनाव कायमै” शीर्षकको चार कोलमको समाचार चार कोलमकै तस्बिरसहित छापिएको छ। समाचारको बीचमा “मोटरसाइकल तोडफोड” शीर्षकको दुई कोलमको बक्स समाचार भैरहवा डेटलाइनमा छापिएको छ।

२ अप्रिल २००९: मुखपृष्ठमा “सात दलको बैठकः संसदको गतिरोध हटाउन सहमति जुटेन” शीर्षकको काठमाडौंको डेटलाइनमा छापिएको दुई कोलमको समाचारमा थैवका हत्यारालाई गिरफ्तार नगरिएसम्म संसदको कार्बाही चल्न नदिने एमालेको प्रस्तावमा काङ्ग्रेसलगायतका दलहरूले पनि सहमति जनाएपछि बैठक बिनानिष्कर्ष टुङ्गिएको जनाइएको छ। समाचारसँगै “माओवादीले सुजितलाई अदालतमा बुझाउने” शीर्षकको समाचार रूपन्देहीको डेटलाइनमा छापिएको समाचारमा थैवको हत्याका आरोपित सुजितलाई अदालतमा बुझाउन आफू तयार रहेको माओवादी अवध मधेस राज्य समितिका सदस्य दयाराम न्यौपाने “एमएस”ले बताउनुभएको जनाइएको छ।

३ अप्रिल २००९: थैव हत्यासम्बन्धी कुनै सामग्री छापिएको छैन।

४ अप्रिल २००९: थैव हत्यासम्बन्धी कुनै सामग्री छापिएको छैन।

५ अप्रिल २००९: थैव हत्यकाण्डको प्रत्यक्ष अनुगमन गरिएको कुनै समाचार छापिएको छैन। तर संविधानसभासम्बन्धी एक समाचार र एक विचार लेखमा उनको प्रसङ्ग तानिएर आएको छ। पृष्ठ ३ मा छापिएको “अधिवेशनको सुरुमै दलहरूबीच जुहारी” शीर्षकको दुई कोलमको समाचारमा अघिल्लो दिनको व्यवस्थापिका-संसदको बैठक स्थगित भएको प्रसङ्ग समेटिएको छ। त्यही क्रममा बैठक सुरु गर्न आयोजित

छलफलको उल्लेख गरिएको छ। समाचारमा उक्त छलफलमा माओवादी नेताहरूले बुटवल घटनाका अपराधीलाई कानुनी दायरामा ल्याउने प्रतिबद्धता आइसकेकाले बैठक स्थगित गर्न नमिल्ने धारणा राखेका थिए भने एमालेका नेताहरूले थैवको हत्यारालाई कानुनी दायरामा नल्याएसम्म संसदको कार्बाही अगाडि बढ्न नदिने अडान दोहोऱ्याएका थिए भन्ने जनाइएको छ।

पृष्ठ ६ मा — "बदलिंदो परिभाषा" शीर्षकको अनारसिंह कार्कीको विचार लेख मा थैव हत्याका सम्बन्धमा चर्चा गरिएको छ। लेखक भन्छन्, "हरेक दिन कुनै न कुनै ठाउँमा मानिसको हत्या भएको (यदाकदा हत्याको कसैले जिम्मा लिएको पनि हुन्छ) समाचार अखबारको भित्री पानाको कुनै कुनामा आइरहेको वर्तमान परिस्थितिमा प्रचण्ड थैवको हत्याले भने अहिले राष्ट्रव्यापी चर्चा र बहस पाइरहेको छ। एउटा नागरिकका रूपमा कसैको पनि हत्या हुनुले महत्त्व र अर्थ नराखिरहेको वर्तमान अवस्थामा कुनै एउटा हत्याले यति ठूलो महत्त्व पाउनु हत्या हुनेको भाग्य मान्नुपर्छ।" कार्की अगाडि लेख्छन्, "यसरी मरेपछि राष्ट्रिय चर्चा र विवादको विषय बन्ने भाग्यका लागि कुनै ठूला दलको कार्यकर्ता बन्न जरुरी रहेछ। अन्यथा न संसदमा न त अन्यत्रै आवाज उठाइदिने कोही हुन्छन्।" कार्कीको विचारमा यदि हत्यालाई हतियार बनाएर सत्ताको मोलतोल गर्न लागिएको होइन भने थैव भाग्यमानी नेपाली नै हुन्। अन्यथा आमनेपाली जनताको हत्या र अपहरण त चासो र चर्चाको विषय नै बन्न छाडेको उनको ठहर छ।

६ अप्रिल २००९: मुखपृष्ठमा "गतिरोध अन्त्य गर्न अपिलः प्रधानमन्त्रीद्वारा दलहरूसँग परामर्श सुरु" शीर्षकको काठमाडौंको डेटलाइनमा छापिएको एक कोलमका समाचार थैवको हत्यासँग प्रकारान्तरले मात्र जोडिएको छ। अवरुद्ध संविधानसभाका विषयमा केन्द्रित समाचारमा सरकारको नेतृत्व गरिरहेको माओवादीले व्यवस्थापिका-संसदको गतिरोध अन्त्य गरी नयाँ संविधान लेखनकार्य तत्काल थाल्ने अभियानमा अग्रसर हुन संविधानसभामा प्रतिनिधित्व गर्ने सबै दललाई अपिल गरेको जनाइएको छ। समाचारमा एमाले अध्यक्ष झलनाथ खनालद्वारा थैवको हत्यामा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याउन जोड दिइएको बताइएको छ। पृष्ठ ८ मा छापिएको "विवाद टुङ्ग्याउन सभामुखको आग्रह" शीर्षकको तीन कोलमको समाचार पनि व्यवस्थापिका-संसदमा अवरोधको अन्त्य हुनुपर्ने सभामुख सुवास नेम्वाङको भाषणमा आधारित छ।

७ अप्रिल २००९: मुखपृष्ठमा काठमाडौं डेटलाइनमा प्रकाशित "प्रधानमन्त्री परामर्शमा व्यस्त" शीर्षकको समाचारमा पनि थैवको प्रसङ्ग उल्लेख गरिएको छ। समाचारमा प्रधानमन्त्री प्रचण्डलाई काङ्ग्रेस सभापति कोइरालाले थैवका हत्यारालाई कानुनको कठघरामा उभ्याउन सुझाव दिनुभएको जनाइएको छ। सोही समाचारको बीचमा

"थैवका हत्यारा पक्राउ परे संसद चल्छ" शीर्षकको बक्स समाचारमा एमाले अध्यक्ष खनालले विराटनगरमा गर्नुभएको भाषणलाई समेटिएको छ। खनालले थैवका हत्यारालाई कानुनको दायरामा ल्याउन आफूले ६ अप्रिल रातीसम्मको समयसीमा दिइएको बताउनुभएको विराटनगर डेटलाइनको उक्त समाचारमा जनाइएको छ।

८ अप्रिल २००९: "आरोप प्रमाणित गर्ने चुनौती" शीर्षकको काठमाडौं डेटलाइनमा छापिएको एक कोलमको मुखपृष्ठको समाचारमा माओवादी जनमुक्ति सेनाका सातवटै डिभिजनका कमान्डरले आफ्ना अस्थायी शिविर अपराधीका आश्रयस्थल भएको प्रमाणित गर्न चुनौती दिएको जनाइएको छ। प्रकारान्तरले थैव हत्यासँग जोडिएको उक्त समाचारमा विभिन्न राजनीतिक दलका नेताहरूले यी शिविर अपराधीका आश्रयस्थल भएको अभिव्यक्ति दिएकोमा आपत्ति जनाउँदै कमान्डरले यस्तो चुनौती दिएका हुन्। त्यही दिनको *अन्नपूर्ण पोष्ट*को मुखपृष्ठमा "संसद बैठक बहिष्कार" शीर्षकमा काठमाडौं डेटलाइनमा प्रकाशित तीन कोलमको समाचारमा गतिरोध अन्त्यका लागि एक साता लामो प्रयासपछि बसेको व्यवस्थापिका संसदको बैठक पनि सत्तासीन दलकै बहिष्कारका कारण कार्यसूचीमा प्रवेश नै नपाई स्थगित भएको जनाइएको छ। समाचारमा थैवको हत्यामा संलग्न वाई.सी.एल.का रूपन्देही इन्चार्ज सुजितलाई माओवादीले प्रहरी प्रशासनमा नबुझाएको भन्दै सत्तासीन एमालेले बैठक बहिष्कार गरेको उल्लेख गरिएको छ।

मुखपृष्ठमै काठमाडौं डेटलाइनमा छापिएको "थैव हत्याकाण्डबारे छानबिन समिति" शीर्षकको एक कोलमको अर्को समाचारमा माओवादीले थैवको हत्या र त्यसपछि उत्पन्न घटनाबारे छानबिन गर्न सचिवालय सदस्य वर्षमान पुन 'अनन्त'को संयोजकत्वमा अघिल्लो दिन तीन सदस्यीय समिति गठन गरेको जनाइएको छ।

९ अप्रिल २००९: मुखपृष्ठमा काठमाडौं डेटलाइनमा प्रकाशित "सुजित विक माओवादीबाट निष्कासित" शीर्षकको चार कोलमको समाचारमा अघिल्लो दिन प्रधानमन्त्री निवास बालुवाटारमा बसेको माओवादी सचिवालयको बैठकले सुजितलाई पार्टीबाट निष्कासन गरेको जनाइएको छ। पृष्ठ ६ मा "हत्याको राजनीतिकरण कि संरक्षण ?" शीर्षकमा छापिएको लेखमा थैवको हत्यापछिको घटनाक्रमको विश्लेषण गरिएको छ। पृष्ठ ९ मा पोखरा डेटलाइनमा एमाले अध्यक्ष झलनाथ खनालको तस्बिरसहितको चार कोलमको समाचार छापिएको छ। "अब संसद् अवरुद्ध पार्दैनौंः अध्यक्ष खनाल" शीर्षकको समाचारमा थैवका हत्यारा सुजितलाई प्रधानमन्त्री प्रचण्डद्वारा तुरुन्त गिरफ्तार गरी प्रशासनलाई बुझाउने प्रतिबद्धता जनाइएकाले संसद सुचालू गर्नुपर्छ भन्ने पक्षमा एमाले पुगेको जनाइएको छ। सोही पृष्ठमा "थैव अनुसन्धान टोलीले निष्कर्ष निकाल्न सकेन" शीर्षकको रूपन्देही डेटलाइनमा छापिएको चार

कोलमको समाचारमा थैव हत्याको विषयमा छानबिन गर्न स्थानीय स्तरमा बनेका दुई अनुसन्धान टोलीले निष्कर्ष निकाल्न नसकेको जनाइएको छ।

त्यही पृष्ठमा एमाले नेता के.पी. ओलीको भाषणलाई समेटेर विराटनगर डेटलाइनमा ओलीको तस्बिरसहित छापिएको "माओवादी नेतृत्वको सरकारको विकल्प खोजिनुपर्छ" शीर्षकको दुई कोलमको समाचारमा थैवको हत्यारालाई न्यायिक कठघरामा नउभ्याएसम्म माओवादीसँग एमाले सहकार्य गर्ने पक्षमा नरहेको जनाइएको छ।

१० अप्रिल २००९ः पृष्ठ ३ मा काठमाडौं डेटलाइनमा छापिएको "माओवादीभित्र रहेको अराजकतावाद अन्त्य गर्नुपर्छः नेता प्रकाश" शीर्षकको तीन कोलमको समाचारमा माओवादी नेताले पार्टीभित्र रहेको अराजकतावाद अन्त्यका लागि माओवादीले विकलाई राष्ट्रिय मानवअधिकार आयोगमा पठाएको दाबी गरेको बताइएको छ। प्रकाशलाई उद्धृत गर्दै समाचारमा सुजितलाई प्रहरीसमक्ष बुझाउने कार्यमा भने माओवादी असफल भएको बताइएको छ। समाचारमा आयोगमा पठाइएका सुजित भागेकाले थैवको हत्यामा उनको संलग्नता रहेको पुष्टि भएको प्रकाशले बताएको उल्लेख गरिएको छ। त्यही समाचारभित्र बक्स समाचारका रूपमा "सुजित आएका छैनन्ः आयोग" शीर्षकमा दुई कोलमको समाचार काठमाडौं डेटलाइनमा छापिएको छ। समाचारमा राष्ट्रिय मानवअधिकार आयोगले सुजित हालसम्म आयोगमा उपस्थित नभएकाले त्यहाँबाट भाग्ने वा भगाउने सवालै नउठ्ने जनाएको छ। पृष्ठ ९ मा छापिएको "माओवादी नेतृत्वको सरकार असफल" शीर्षकको तीन कोलमको ओखलढुङ्गा डेटलाइनमा छापिएको समाचारमा पनि थैवको हत्यासम्बन्धी प्रसङ्ग परेको छ। समाचारमा एमाले महासचिव ईश्वर पोखरेलले थैवको हत्यारालाई माओवादीले संरक्षण दिएको आरोप लगाउँदै सुजितलाई पक्राउ गरे अपराधको पोल खुल्ने डरले माओवादीले सार्वजनिक नगरेको धारणा व्यक्त गर्नुभएको जनाइएको छ।

११ अप्रिल २००९ः पृष्ठ ३ मा "प्रधानमन्त्रीले माफी मागे संसद चल्न सक्छः एमाले" शीर्षकको काठमाडौं डेटलाइनमा छापिएको दुई कोलमको समाचारमा अघिल्लो दिन बसेको एमालेको आठौं महाधिवेशनपछिको स्थायी समिति पहिलो बैठकले बुटवल हत्याकाण्डमा प्रधानमन्त्रीले सार्वजनिक रूपमा क्षमायाचना गरे संसद चल्न दिने निर्णय गरेको बताइएको छ। बुटवल हत्याकाण्डका अभियुक्तलाई सरकारसमक्ष बुझाई प्रधानमन्त्री र माओवादीका तर्फबाट मुलुकमा भएका हत्या आतङ्कका समग्र घटनाक्रमका बारेमा वार्ता गरी समग्र विषयको समाधान गर्ने प्रतिबद्धता व्यक्त गरिनुपर्ने माग एमालेले गरेको पनि समाचारमा जनाइएको छ।

पृष्ठ १० मा "वर्तमान सरकार निकम्मा र औचित्यहीनः भण्डारी" शीर्षकको

नेपालगन्ज डेटलाइनको दुई कोलमको समाचारमा एमाले उपाध्यक्ष विद्या भण्डारीले थैवको हत्यारा परिचित भए पनि कानुनको दायरामा नल्याइएको बताएको जनाइएको छ।

१२ अप्रिल २००९: पृष्ठ ३ मा काठमाडौं डेटलाइनमा चार कोलमको "गतिरोध अन्त्य गर्न कार्यदल गठन" शीर्षकको समाचारमा माओवादीसँगको बैठकमा एमाले अध्यक्ष खनालले थैवको हत्याका आरोपी विकलाई पक्राउ गर्न माओवादीले प्रयत्न गर्नुपर्ने माग राखेको जनाइएको छ। समाचारमा अघिल्लो दिन माओवादी र एमालेका वरिष्ठ नेताहरूको बैठक भएको पनि बताइएको छ।

१३ अप्रिल २००९: प्रथम पृष्ठमा काठमाडौं डेटलाइनमा "माओवादी र एमालेबीच नौ बुँदे सहमति" शीर्षकको एक कोलमको समाचार छापिएको छ। त्यही अङ्कको पृष्ठ ७ मा दस्तावेज शीर्षकमा दुई कोलममा माओवादी र एमालेबीच अघिल्लो दिन भएको नौ बुँदे सहमति छापिएको छ। सहमतिमा, उक्त घटनाका आरोपित सुजित विकलाई पक्राउ गरी कानुनी कार्बाहीको प्रक्रियामा ल्याउन सक्रिय पहल गर्न माओवादी सरकारलाई अनुरोध गर्दछ र सम्पूर्ण पार्टी पङ्क्तिलाई त्यस कार्यमा सहयोग पुऱ्याउन आग्रह गर्दछ भनिएको थियो।

### ख. *कान्तिपुर*

२७ मार्च २००९: प्रचण्ड थैवको हत्यासम्बन्धी समाचार छापिएको छैन।

२८ मार्च २००९: "एमालेद्वारा चेतावनी" शीर्षकको ५ पृष्ठमा रहेको सामग्रीको हाइलाइट मुखपृष्ठमै दिइएको छ। हाइलाइटमा सरकार छाड्न सक्छौं, कार्यकर्ता हत्याको तीव्र विरोध, मन्त्रिपरिषद् बैठक बहिष्कार, देशव्यापी आन्दोलन घोषणा, बुटवल तनावग्रस्त जस्ता बुँदाहरू समाविष्ट छन्। ५ पृष्ठमा "एमालेद्वारा सरकार छाड्ने चेतावनी" शीर्षकको ६ कोलमको समाचार काठमाडौं डेटलाइनमा छापिएको छ। समाचारमा एमालेले मन्त्रिपरिषद् बैठक बहिष्कार गर्दै देशव्यापी आन्दोलनको घोषणा गरेको जनाइएको छ।" त्यही समाचारको मुनि "कार्बाही गर्छुः दाहाल" उपशीर्षकको सानो समाचारमा प्रधानमन्त्री दाहालले बुटवल गोलीकाण्डका दोषीलाई कार्बाही गर्ने प्रतिबद्धता जनाएको बताइएको छ। एमाले प्रतिनिधिमण्डलको ज्ञापनपत्र बुझ्ने क्रममा प्रधानमन्त्रीले पार्टी नीति विपरीत घटना भएको बताउनुभएको समाचारमा जनाइएको छ। समाचारसँगै "बुटबल तनावग्रस्त" शीर्षकको दुई कोलमको अर्को समाचार बुटवल डेटलाइनमा छापिएको छ।

२९ मार्च २००९: मुखपृष्ठमै बुटवल डेटलाइनमा "नसच्चिए बाहिरिन्छौंः एमाले" शीर्षकको पाँच कोलम समाचार छापिएको छ। समाचारको आरम्भमै माओवादीले व्यवहार नसच्याए

आफ्नो पार्टीले सरकार छाड्ने चेतावनी एमाले अध्यक्ष झलनाथ खनालद्वारा दिइएको जनाइएको छ। समाचार थैवको श्रद्धाञ्जली सभामा खनालद्वारा दिइएको भाषणमा आधारित छ। त्यही दिनको *कान्तिपुर*को पृष्ठ ३ मा “बुटवलमा तनाव कायमै” शीर्षकको तीन कोलमको समाचार बुटवल डेटलाइनमा छापिएको छ। समाचारकको आरम्भमा माओवादीले थैवको हत्यामा पार्टीको संलग्नता नभएको उल्लेख गर्दै घटनालाई राजनीतिकरण नगर्न सत्ता साझेदार एमालेलाई आग्रह गरेको जनाइएको छ। तेस्रो पृष्ठमै “बुटवल घटना सुनियोजितः शान्तिमन्त्री” शीर्षकको दुई कोलमको समाचारमा शान्ति तथा पुनर्निर्माण मन्त्रीको भाषणलाई समेटिएको छ। काभ्रेको डेटलाइनमा बनाइएको समाचारको आरम्भमा संविधान निर्माण प्रक्रिया बिथोल्न नियोजित ढङ्गले बुटवल घटना गराइएको शान्ति तथा पुनर्निर्माण मन्त्री जनार्दन शर्माले दाबी गरेको जनाइएको छ। त्यही नियोजित घटनालाई एमालेले ठूलो द्वन्द्वमा बदल्ने र अराजकता फैलाउने प्रयास गरेको आरोप मन्त्रीद्वारा लगाइएको समाचारमा जनाइएको छ।

२९ मार्च २००९: पृष्ठ ५ मा काठमाडौंको डेटलाइनमा “हत्याको विरोधमा मुलुकभर प्रदर्शन” शीर्षकमा चार कोलमको समाचार छापिएको छ। थैव हत्याको विरोधमा रौतहटमा निकालिएको ऱ्यालीको तस्बिरसहित प्रकाशित समाचारमा एमालेले मुलुकभर यस्तै प्रदर्शन गरेको र सहभागी कार्यकर्ताले पार्टीलाई सरकार छाड्न दबाब दिंदै नाराबाजी गरेको जनाइएको छ।

२९ मार्च २००९: थैव हत्याका सम्बन्धमा “दण्डहीनता रोक” शीर्षकमा छापिएको सम्पादकीयमा बुटवल घटनामा गर्नुपर्ने पहिलो काम संदिग्ध अपराधीलाई नियन्त्रणमा लिनु हो भनिएको छ। त्यसपछि आयोग गठन गरी अन्य प्रक्रिया थाल्नुपर्छ भन्ने सुझाव दिंदै सम्पादकीयमा गृह प्रशासन एमालेको हातमा भएको हुँदा बुटवल घटनाको छानबिनमा सरकारको नेतृत्व गर्ने माओवादीको जत्तिकै उसको पनि भूमिका हुन्छ भन्ने धारणा राखिएको छ। सम्पादकीयमा जिम्मेवारी अर्कैलाई पन्छाएर सडकमा नारा मात्र लगाउनुको साटो एमाले नेतृत्वले आफ्ना उपप्रधान एवं गृहमन्त्रीलाई शीघ्र छानबिनका निम्ति निर्देशन दिनुपर्छ भन्ने माग गरिएको छ। हत्यामा जोसुकै संलग्न भए पनि तिनलाई राजनीतिक संरक्षण दिइनु हुँदैन भन्दै सम्पादकीयमा सचेत गराइएको छ, “नभए फेरि दण्डहीनताको शृङ्खला दोहोरिनेछ।”

३० मार्च २००९: पृष्ठ ५ मा बुटवलको डेटलाइनमा छापिएको “बुटवलमा कर्फ्यु कायमै” शीर्षकको चार कोलमको समाचारमा थैवको हत्यापछि बुटवलमा उत्पन्न तनाव कम गर्न प्रशासनले लगाएको कर्फ्यु अघिल्लो दिन पनि जारी रहेको जनाइएको छ। समाचारका साथ प्रहरी मात्र तैनाथ सुनसान बाटोको तस्बिर पनि छापिएको छ। सँगै “युथफोर्सद्वारा भैरहवा

बन्द" शीर्षकको एक कोलमको अर्को समाचार प्रकाशित छ।

३१ मार्च २००९: मुखपृष्ठमा काठमाडौं डेटलाइनमा छापिएको "छानबिन समिति बनाइने" शीर्षकको दुई कोलमको समाचारमा माओवादी र एमाले थैव हत्याको छानबिनका लागि संयुक्त समिति बनाउन सहमत भएको जनाइएको छ। सोही दिनको *कान्तिपुर*को पृष्ठ ३ मा "दोषीमाथि कार्बाही हुन्छ" शीर्षकको तीन कोलमको विराटनगर डेटलाइनमा छापिएको समाचारमा माओवादी नेता एवं अर्थमन्त्री बाबुराम भट्टराईले बुटवल घटनाको छानबिन गरी दोषीमाथि कार्बाही गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको उल्लेख गरिएको छ। *कान्तिपुर*को त्यही अङ्कमा बुटवल डेटलाइनमा "बुटवलमा कर्फ्यु हट्यो" शीर्षकको चार कोलमको समाचार पनि छापिएको छ। समाचारमा "एमालेद्वारा प्रदर्शन" उपशीर्षक पनि राखिएको छ। बीचमा जुलुसको तस्बिर छापिएको उक्त समाचारमा "माओवादीद्वारा छानबिन आयोग" शीर्षकमा दुई कोलमको बक्स समाचार पनि समाविष्ट छ।

१ अप्रिल २००९: पृष्ठ ३ मा "सहमति भएको छैन" शीर्षकमा काठमाडौंकै डेटलाइनमा छापिएको चार कोलमको समाचारमा एमालेले बुटवल घटनाको छानबिन गर्ने गरी माओवादीसँग कुनै सम्झौता नभएको बताएको उल्लेख गरिएको छ। एमालेले घटनामा संलग्न व्यक्ति पहिचान भइसकेको बताउँदै पार्टीगत छानबिनको आवश्यकता नभएको ठहर गरेको समाचारमा जनाइएको छ। त्यही दिनको *कान्तिपुर*को पृष्ठ ५ मा थैव हत्यासम्बन्धी दुईवटा समाचार छापिएका छन्। एउटा "एमालेद्वारा प्रदर्शन जारी" मूल शीर्षक र "पेसागत सङ्गठन र दलहरूको ऐक्यबद्धता" उपशीर्षकको चार कोलमको समाचार बुटवलको डेटलाइनमा छापिएको छ। समाचारमा विरोध र्‍यालीका दुई तस्बिर छन् र माओवादीद्वारा पनि प्रदर्शन उपशीर्षकसमेत रहेको छ। समाचारमा अघिल्लो दिनको घटनाक्रमको सर्सर्ती विवरण प्रस्तुत गरिएको छ। पृष्ठ ५ मा छापिएको अर्को समाचारको शीर्षक छ, "बन्दले जनजीवन कष्टकर।"

२ अप्रिल २००९: पृष्ठ ५ मा प्रकाशित "रूपन्देही बन्द फिर्ता" शीर्षकको तीन कोलमको समाचारमा केन्द्रको अनुरोधमा अघिल्लो साँझ बुटवलमा बसेको एमाले जिल्ला कमिटीको बैठकले २ अप्रिलदेखि लागू हुने गरी बन्द फिर्ता लिएको जनाइएको छ। त्यही समाचारमुनि "अरूलाई यस्तो नहोस्" शीर्षकमा दुई कोलमको बुटवलकै डेटलाइनमा छापिएको समाचारमा थैवका पिताको विलौना छापिएको छ। मृतकका सत्तरी वर्षीय बाबुले भनेका छन्, "मलाई थाहा छ, गोली खाएर मारिएको मेरो छोरो जे गरे पनि अब यो संसारमा फर्कन्न, तर अरूका छोरा पनि यस्तै नहुन् भनेर अनुरोध गर्न यहाँ आएको हुँ।" थैवका पिता अम्बिकाप्रसादको थप उद्धरण यस्तो छ, "मारिनेमा मेरो छोरो अन्तिम होस्।" समाचारमा अम्बिकाप्रसादले हत्यामा आरोपित सुजितले

नै छोरालाई मारेको प्रशस्त प्रमाण आफूसित भएको बताउँदै त्यही आडका भरमा प्रहरीमा किटानी दिएको बताएका छन्। त्यही दिनको *कान्तिपुर*को पृष्ठ ९ मा "माओवादीसँग बस्न सकिन्न" शीर्षकको एक कोलमको समाचार जनकपुरधामको डेटलाइनमा छापिएको छ। समाचारमा एमाले नेता शंकर पोखरेलको बुटवलको भाषणको पनि उल्लेख गरिएको छ। पोखरेलले थैवका हत्यारालाई तत्काल पक्राउ गरी प्रहरीलाई नबुझाइए माओवादीलाई सरकारबाट हुत्याउने बताउनुभएको समाचारमा जनाइएको छ।

३ अप्रिल २००९: पृष्ठ ३ मा "शिविर हत्यारालाई संरक्षण दिने थलो" शीर्षकको चार कोलमको काठमाडौं डेटलाइनमा छापिएको समाचार बेलायतका अन्तर्राष्ट्रिय विकासमन्त्री माइक फोस्टरसँगको गिरिजाप्रसाद कोइरालाको कुराकानीमा आधारित छ। समाचारमा कोइरालाको भनाइ उद्धृत गर्दै बुटवलमा युथफोर्सका थैव र चितवनमा व्यवसायी रामहरि श्रेष्ठको हत्यामा माओवादी संलग्न भएको पुष्टि हुँदाहुँदै हत्यारालाई कानुनको कठघरामा नल्याइएको जनाइएको छ। त्यही दिनको *कान्तिपुर*को पृष्ठ ५ मा बुटवल डेटलाइनमा छापिएको "एमालेद्वारा इलाका प्रशासनमा ताला" शीर्षकको तीन कोलमको समाचारमा थैवको हत्यामा संलग्नलाई पक्राउ गर्न प्रशासनले चासो नदिएको भन्दै त्यसको विरोधमा एमाले कार्यकर्ताले अघिल्लो दिन इलाका प्रशासन बुटवलमा ताला लगाएको जनाइएको छ। समाचारको मध्यमा बुटवलमा चहलपहल शीर्षकको बुटवल डेटलाइनमै छापिएको एक कोलम समाचारमा अघिल्लो दिन बुटवलको लामो बन्द खुला भएको जनाइएको छ।

४ अप्रिल २००९: पृष्ठ ५ मा "आन्दोलन सशक्त बनाइने" शीर्षकको दुई कोलमको बुटवल डेटलाइनको समाचारमा एमाले रूपन्देहीले थैवको हत्यामा संलग्न व्यक्तिलाई माओवादीले सार्वजनिक गर्नुपर्ने माग गर्दै हत्याका अभियुक्तलाई पक्राउ गरी कानुनी कारबाही सुरु नगरिएसम्म आन्दोलनका कार्यक्रम नरोक्ने निर्णय गरेको जनाइएको छ।

५ अप्रिल २००९: प्रथम पृष्ठमा काठमाडौं डेटलाइनमा प्रकाशित "संसद चलाउन पहल" शीर्षकको समाचारमा सरकारको प्रमुख घटक एमालेले बुटवल घटनाका आरोपित सुजित विकलाई गिरफ्तार गरिए संसद तत्काल सुचालू हुने बताएको उल्लेख गरिएको छ।

६ अप्रिल २००९: मुखपृष्ठमा "संसद चालू गर्नेबारे अन्योलै" शीर्षकको दुई कोलमको समाचार काठमाडौंको डेटलाइनमा छापिएको छ। समाचारमा माओवादीले अभियुक्त विकलाई स्वैच्छिक रूपमा कानुनी दायरामा आउन निर्देशन दिएको जनाइएको छ। विकमाथि किटानी जाहेरी परेकाले कानुनी दायरामा जान निर्देशन दिइसकेको बुटवल घटनाको छानबिनमा खटेका पोलिटब्युरो सदस्य देवेन्द्र पौडेलको भनाइ पनि समाचारमा उल्लेख गरिएको छ। त्यही दिनको *कान्तिपुर*को पृष्ठ ३ मा काठमाडौं डेटलाइनमा छापिएको

"काङ्ग्रेसले संसद नरोक्ने" शीर्षकको दुई कोलमको समाचारमा बुटवल घटनाका आरोपितलाई गिरफ्तार गरे प्रमुख प्रतिपक्षी काङ्ग्रेसले संसद अवरोध नगर्ने बताएको उल्लेख गरिएको छ।

६ अप्रिल २००: अप्रिलको *कान्तिपुर*ले त्यही घटनासँग सम्बन्धित विषयमा एक सातापछि छापेको अर्को सम्पादकीयमा "संसदलाई बन्धक थलो नबनाऊ" शीर्षकमा संसदको नियमित कार्बाही अवरुद्ध भएकोमा चिन्ता व्यक्त गरिएको छ। सम्पादकीयमा दलहरूबीचको समझदारी र सहकार्यका निम्ति माओवादीले आफ्ना तर्फबाट भएका गल्तीमा कुनै किसिमको राजनीतिक जोड-घटाउलाई नहेरी स्वतन्त्र रूपमा कानुनको कार्यान्वयन गर्ने निकायलाई काम गर्न दिनुपर्छ भन्ने सुझाव दिइएको छ। सम्पादकीयमा माओवादीले सुजितलाई प्रहरीमा बुझाउनुपर्छ भन्दै एमालेले पनि सदनलाई माओवादी झुकाउने औजारको रूपमा प्रयोग नगरेर सत्ता साझेदारको रूपमा सरकारभित्रैबाट समस्याको समाधानमा पहल गर्नुपर्छ भन्ने धारणा राखिएको छ।

सम्पादकीयमा मृतकको 'डेथ नोटिस', प्रत्यक्षदर्शीको बयान र विगतमा माओवादीले देखाएको रवैयाको समेत उल्लेख गर्दै थैवले मृत्यु हुनुअघि दिएको बयान र प्रत्यक्षदर्शीले समेत हत्या सुजितले गरेको भनेका छन् भन्ने जनाइएको छ। थैवको परिवारले सुजितविरुद्ध किटानी जाहेरी दिएको जनाउँदै सम्पादकीयमा माओवादीले आरोपीलाई राजनीतिक संरक्षण दिनु उचित नहुने सुझाव दिइएको छ।

७ अप्रिल २००९: मुखपृष्ठमा छोटकरीअन्तर्गत छापिएको "सहमति जुटेन" शीर्षकको एक कोलम समाचारमा थैवको प्रसङ्ग उल्लेख नगरी संसद गतिरोध अन्त्य गर्न सहमति नबनेको उल्लेख गरिएको छ।

त्यही दिनको *कान्तिपुर*को पृष्ठ ३ मा छापिएको "काङ्ग्रेससँग सहयोगको आग्रह" शीर्षकको चार कोलमको समाचारमा प्रधानमन्त्री दाहालले अघिल्लो दिन काङ्ग्रेस सभापति कोइरालासँग भेटी सहयोगको आग्रह गर्नुभएको जनाइएको छ। समाचारअनुसार कोइरालाले सरकारको नेतृत्व गरेको पार्टीबाटै दण्डहीनता र अराजकता संस्थागत गर्ने र प्रजातान्त्रिक संस्था कमजोर पार्ने काम भएको बताउनुभएको थियो। त्यस दिनको *कान्तिपुर*को अन्तिम पृष्ठ २० मा एमाले अध्यक्ष झलनाथ खनालको तस्बिरसहितको विराटनगर डेटलाइनमा छापिएको "हत्यारा नपक्रेसम्म सदन चल्न दिन्नौं" शीर्षकको समाचारमा थैवको हत्यारालाई न्यायको कठघरामा नल्याइएसम्म एमाले चुप लागेर नबस्ने भनिएको जनाइएको छ।

८ अप्रिल २००९: मुखपृष्ठमा काठमाडौंको डेटलाइनमा छापिएको छ। "शिविरमा भए प्रमाणित गर" शीर्षकको एक कोलमको समाचारमा माओवादी सेनाका ७ डिभिजन कमान्डरहरूले एमाले कार्यकर्ता थैव हत्याका अभियुक्त शिविरमा लुकेको प्रमाणित गर्न चुनौती

दिएको जनाइएको छ। समाचारमा माओवादी शिविर अपराधीको आश्रयस्थल भनिएकोमा आपत्ति जनाइएको उल्लेख गरिएको छ। त्यही दिनको *कान्तिपुर*को पृष्ठ ३ मा काठमाडौं डेटलाइनमा छापिएको "एमाले र काङ्ग्रेसद्वारा संसद बहिष्कार" शीर्षकको दुई कोलमको समाचारमा सत्तारुढ एमाले र प्रमुख प्रतिपक्ष काङ्ग्रेसले बहिष्कार गरेपछि अघिल्लो दिन पनि व्यवस्थापिका संसद अवरुद्ध भएको जनाइएको छ। समाचारमा उल्लेख गरिएअनुसार एमालेले थैवको हत्याका आरोपीलाई प्रहरीमा नबुझाइएकोमा सदन बहिष्कार गरेको थियो भने काङ्ग्रेसले एमालेलाई समर्थन गरेको थियो।

९ अप्रिल २००९: मुखपृष्ठमा "थैव हत्याका अभियुक्त माओवादी संरक्षणमा" शीर्षकमा सुजित विकको तस्बिरसहित काठमाडौं डेटलाइनमा छापिएको तीन कोलमको समाचारमा थैव हत्याका अभियुक्त सुजित विक माओवादीकै संरक्षणमा रहेको प्रहरी स्रोतले दाबी गरेको जनाइएको छ। माओवादीले भने मानवअधिकार आयोगमा बुझाउने तयारी गर्दागर्दै विक भागेको बताएको तथ्य पनि समाचारमा उल्लेख गरिएको छ। यस प्रकरणमा छापिएका अन्य समाचारहरूभन्दा फरक केही खोजीमूलक उल्लेखित समाचारमा एक उच्चपदस्थ प्रहरी अधिकारीलाई उद्धृत गर्दै माओवादीकै संरक्षणमा रहेकाले उनलाई अहिलेसम्म पक्रन नसकिएको जनाइएको छ। समाचारमा प्रहरी अधिकारीलाई उद्धृत गर्दै सुजित राजधानीमै रहेको जनाउँदै उनी एक उच्चपदस्थ माओवादी नेताको निवासमा रहेको प्रहरीले शङ्का गरेको जनाइएको छ। समाचारमा रूपन्देही प्रहरी स्रोतका अनुसार रवीन्द्र विक, सुजित महत, सुजित लामिछानेलगायत उपनामले परिचित विक राष्ट्रिय अनुसन्धान विभागका डीएसपी हिमराज रेग्मीको हत्याका अभियुक्त पनि हुन् भन्ने जनाइएको छ। पण्डित नारायण पोखरेलको हत्यामा समेत उनको हात रहेको प्रहरीले शङ्का गरेको समाचारमा जनाइएको छ।

१० अप्रिल २००९: छोटकरी स्तम्भअन्तर्गत प्रथम पृष्ठमा "विकबारे आयोग अनभिज्ञ" शीर्षकमा छापिएको एक कोलमको समाचारमा अभियुक्त विकलाई राष्ट्रिय मानवअधिकार आयोगमा बुझाउन लागिएको भन्ने माओवादी भनाइप्रति आयोगले अनभिज्ञता प्रकट गरेको जनाइएको छ। आयोगले आरोपित सुजित आयोगमा उपस्थित नभएकोले आफ्नो कार्यालय परिसरबाट भाग्ने सवालै नउठ्ने जनाएको बताइएको छ।

११ अप्रिल २००९: पृष्ठ २ मा "माओवादी एमाले शीतयुद्ध" शीर्षकको गंगा विसीद्वारा गरिएको समाचार विश्लेषणमा थैवको हत्यामा माओवादी कार्याकर्ता विक संलग्न रहेको एमालेको ठोकुवापछि दुई पार्टीबीच दूरी बढ्न थालेको जनाइएको छ। एमालेले त्यही कारण सरकारसमेत छाड्ने चेतावनी दिएको पनि समाचारमा जनाइएको छ।

१२ अप्रिल २००९: मुखपृष्ठमा छोटकरी स्तम्भअन्तर्गत "संसद फेरि स्थगित" शीर्षकको एक कोलमको

समाचार अप्रत्यक्ष रूपमा भए पनि थैव हत्याकाण्डसँग जोडिएको छ। "द्वन्द्व घटाउन कार्यदल" शीर्षकको मुखपृष्ठकै एक कोलमको अर्को समाचारमा माओवादी र एमालेबीच द्वन्द्व घटाउन कार्यदल गठन भएको जनाइएको छ। समाचारमा थैवको हत्यापछि मन्त्रिपरिषद् बैठक बस्न नसकेको र एमालले सदन बहिष्कार गर्दै आएको जनाइएको छ। त्यही दिन पृष्ठ ७ मा छापिएको गृहमन्त्री वामदेव गौतमको अन्तर्वार्तामा उनले थैव हत्याका अभियुक्तको खोजी भइरहेको जनाएका छन्।

१३ अप्रिल २००९: "गतिरोधको अन्त्य" शीर्षकको तेस्रो सम्पादकीयमा सत्तारुढ दुई दल माओवादी र एमालेबीच चर्किएको मतभेद नौ बुँदे समझदारीपछि सुल्झिएको जनाउँदै माओवादीले कब्जा गरेका घरजग्गा फिर्ता, विस्थापितको गाउँ फिर्तीलगायतका सहमति कार्यान्यन गर्न थालेमा मात्र विश्वासको वातावरण निर्माण हुने धारणा राखिएको छ। मुख्य दल एवं सत्ता सञ्चालक भएका नाताले यसका निम्ति अग्रसरता लिने काम माओवादीकै हुन आउँछ भन्ने धारणा सम्पादकीयमा प्रस्तुत गरिएको छ। माओवादीले थैवको हत्याका मुख्य आरोपी सुजितलाई पक्राउ गरी कानुनी कार्बाहीको दायरामा ल्याउन सघाउन पार्टी कार्यकर्तालाई निर्देशन दिएपछि एमाले सहमतिमा आएको जनाउँदै माओवादीले आफ्नो नियन्त्रणमा रहेको अभियुक्त भाग्नुमा कमजोरी भएको पनि स्वीकारेको उल्लेख गरिएको छ। यसअघि माओवादी नेतृत्वले सुजितलाई प्रहरीसमक्ष बुझाउन निर्देशन दिए पनि केही केन्द्रीय नेताको निजी रुचिमा अभियुक्तलाई काठमाडौंबाट फरार गराइएको जनाउँदै निष्कर्ष खिचिएको छ, "अब उनी पक्राउ पर्छन् पर्दैनन् वा त्यसका निम्ति सहयोग गर्न उच्च नेतृत्वले कार्यकर्तालाई दिएको आदेश लागू हुन्छ या हुँदैन भन्ने कुरामा पनि माओवादी एमालेबीच हाल भएको सम्झौताको सार्थकता निर्भर रहनेछ।"

**ग. *गोरखापत्र***

२७ मार्च २००९: थैव हत्याससम्बन्धी समाचार छापिएको छैन।

२८ मार्च २००९: प्रथम पृष्ठमा बुटवल डेटलाइनमा छापिएको यस प्रकरणको पहिलो शीर्षकअन्तर्गत "बुटवलमा कर्फ्यु" को दुई कोलमको समाचारमा "एमालेद्वारा आन्दोलनको घोषणा" उपशीर्षकसमेत रहेको छ। समाचारमा युथफोर्सको रूपन्देही जिल्ला सदस्य प्रचण्ड थैवको गए राती बुटवलको दीपनगरमा गोली प्रहार गरी हत्या भएपछि बुटवल क्षेत्र शुक्रवार बिहानैबाट तनावग्रस्त बनेको जनाइएको छ। समाचारमा माओवादी नेता टोपबहादुरको निवासमा तोडफोड भएको, माओवादी नेता देवेन्द्रद्वारा घटनामा पार्टीको संलग्नता नरहेको दाबी गरिएको र कार्यकर्ता हत्याको विरोधमा एमाले बैठक स्थगित भएको उल्लेख गरिएका छन्।

२९ मार्च २००९: प्रथम पृष्ठमा काठमाडौंको डेटलाइनमा छापिएको "दोषीलाई छाडिने छैनः प्रम"

शीर्षकको तीन कोलमको समाचारमा प्रधानमन्त्री दाहालले बुटवल घटनामा जोसुकैको संलग्नता भए पनि त्यसलाई कार्बाही गरिने प्रस्ट पार्नुभएको जनाइएको छ। समाचारभित्रै काठमाडौंकै डेटलाइनमा "थैवको हत्यामा माओवादी संलग्नता छैन" शीर्षकको एक कोलमको समाचार पनि समाविष्ट छ। जसमा थैवको हत्यामा आफ्नो पार्टीका कार्यकर्ताको संलग्नता नरहेको माओवादीले दाबी गरेको बताइएको छ।

३० मार्च २००९: प्रथम पृष्ठमा बुटवल डेटलाइनमा प्रकाशित "बुटवलमा तेस्रो दिन पनि कर्फ्यु" शीर्षकको एक कोलम समाचारमा तीन दिनदेखि बुटललमा जारी तनाव सामान्य भए पनि जनजीवन भने त्रासपूर्ण नै रहेको जनाइएको छ।

३१ मार्च २००९: प्रथम पृष्ठमा काठमाडौं डेटलाइनमा छापिएको "माओवादी एमाले सहमति" शीर्षकको दुई कोलमको समाचारमा थैवको हत्याको छानबिन गर्न र दोषीलाई कानुनको दायरामा ल्याउन माओवादी र एमालेका नेताबीच सहमति भएको उल्लेख गरिएको छ। त्यही दिनको *गोरखापत्र*को पृष्ठ ३ मा बुटवल डेटलाइनमा "बुटवलमा कर्फ्यु हटाइयो" शीर्षकको बुटवल समाचारदाताद्धारा पठाइएको एक कोलमको समाचार पनि छापिएको छ।

१ अप्रिल २००९: मुखपृष्ठमा "संसद बैठक स्थगित" शीर्षकमा काठमाडौं डेटलाइनमा छापिएको तीन कोलमको समाचारमा थैवको हत्याको विषयलाई लिएर सरकारको नेतृत्व गरिरहेको माओवादीको चर्को विरोध भएपछि अघिल्लो दिन व्यवस्थापिका-संसदको बैठक कार्यसूचीमा प्रवेशै नगरी स्थगन भएको जनाइएको छ। त्यही दिनको *गोरखापत्र*को पृष्ठ ३ मा काठमाडौंको डेटलाइनमा छापिएको "दुई दलबीच दूरी घटाउने सहमति" शीर्षकको समाचारमा थैव हत्याको विषयमा माओवादी र एमालेबीचमा अघिल्लो दिन सम्पन्न भएको वार्तामा छानबिन गर्न संयुक्त समिति बनाउने कुनै सहमति नभएको एमाले पार्टीले बताएको जनाइएको छ।"

२ अप्रिल २००९: प्रथम पृष्ठमा काठमाडौं डेटलाइनमा "विफल भयो संसद सुचारु बनाउने प्रयास" शीर्षकको तीन कोलमको समाचारमा सात दलको बैठकमा एमाले संविधानसभा दलका उपनेता सुरेन्द्र पाण्डेद्वारा थैवका हत्याका आरोपीलाई प्रहरीसमक्ष नबुझाइएसम्म व्यवस्थापिका-संसदको कार्बाही अगाडि बढाउन एमाले सहमत हुन नसक्ने धारणा राखिएको जनाइएको छ।

३ अप्रिल २००९: थैव हत्यासम्बन्धी कुनै समाचार वा अन्य सामग्री छापिएको छैन।

४ अप्रिल २००९: थैव हत्यासम्बन्धी कुनै समाचार वा अन्य सामग्री छापिएको छैन।

५ अप्रिल २००९: थैव हत्यासम्बन्धी कुनै समाचार वा अन्य सामग्री छापिएको छैन।

६ अप्रिल २००९: प्रथम पृष्ठमा काठमाडौंको डेटलाइनमा "प्रमद्वारा राजनीतिक परामर्श सुरु" शीर्षकको तीन कोलमको समाचार प्रकाशित छ। तर समाचार व्यवस्थापिका-संसदको बैठक

सञ्चालनका निम्ति भएको प्रयासमा केन्द्रित छ। समाचारमा छलफलमा एमाले अध्यक्ष खनालले एमालेले सरकारबाट हट्ने औपचारिक निर्णय गरिनसकेको उल्लेख गर्दै थैवको हत्यामा संलग्नलाई कार्बाही गरिने माओवादी प्रतिबद्धता कार्यान्वयन नगरिएमा सरकार समस्याको दलदलमा भासिन सक्ने बताउनुभएको जनाइएको छ। त्यही दिनको *गोरखापत्र*को प्रथम पृष्ठमै पशुपतिनगरको डेटलाइनमा संसदको अवरोध चाँडै हट्ने विश्वास शीर्षकमा सभाध्यक्षको भाषणमा आधारित एक कोलमको समाचार प्रकाशित भएको छ।

७ अप्रिल २००९: पृष्ठ ३ मा पोखरा डेटलाइनमा प्रकाशित "अराजकताविरुद्ध उत्रन कार्यकर्तालाई निर्देशन" शीर्षकको समाचारमा एमाले अध्यक्ष खनालको भाषणलाई समेटिएको छ। समाचारमा थैवका हत्यारालाई ७ अप्रिल बेलुकीसम्म पक्रिने आश्वासन प्रधानमन्त्री दाहालद्वारा दिइएको खनालको भनाइ उल्लेख गरिएको छ। त्यही दिनको *गोरखापत्र*को पृष्ठ ४ मा बुटवल डेटलाइनमा प्रकाशित एमाले र माओवादीबीचको सहयात्रा तोडिने चेतावनी शीर्षकको तीन कोलमको समाचारमा एमाले सचिव एवं जलस्रोतमन्त्री विष्णु पौडेलले थैवको हत्यामा संलग्नलाई प्रहरीसमक्ष बुझाउन माओवादी तयार नभए एमाले र माओवादीबीचको सहयात्रा तोडिने चेतावनी दिनुभएको जनाइएको छ।

८ अप्रिल २००९: प्रथम पृष्ठमा काठमाडौंको डेटलाइनमा छापिएको तीन कोलमको "काङ्ग्रेस र एमालेद्वारा संसद् बहिष्कार" शीर्षकको समाचारमा व्यवस्थापिका-संसदको अघिल्लो दिनको बैठक एमाले र प्रमुख प्रतिपक्षी दल काङ्ग्रेसले बहिष्कार गरेपछि त्यस दिन दिउँसोसम्मका निम्ति स्थगित भएको जनाइएको छ। सदन बहिष्कार गर्नेहरूले थैवका हत्यारालाई कानुनको दायराभित्र ल्याउनुपर्ने माग गरेको पनि समाचारमा जनाइएको छ।

९ अप्रिल २००९: प्रथम पृष्ठमा "संसद अझै अवरुद्ध" शीर्षकमा काठमाडौं डेटलाइनमा चार कोलममा छापिएको समाचरमा माओवादीले बुटवल हत्याकाण्डका अभियुक्त आफ्ना कार्यकर्तालाई पार्टी कार्बाही गरी कानुनी दायरामा ल्याउन प्रयत्न गरिएको जानकारी दिएको जनाइएको छ। माओवादीको त्यस्तो दाबीपछि पनि व्यवस्थापिका-संसदको बैठक अघिल्लो दिनसमेत नियमित कार्यसूचीमा प्रवेश नगरेको समाचारमा उल्लेख गरिएको छ। त्यही समाचारमा "आरोपी सुजित कार्बाहीमा" शीर्षकको दुई कोलमको बक्स समाचार काठमाडौं डेटलाइनमा छापिएको छ। अनुसन्धानका लागि सहयोग पुगोस् भनेर माओवादीले सुजित विश्वकर्मालाई साधारण सदस्यसमेत नरहने गरी पार्टीको सम्पूर्ण जिम्मेवारीबाट अलग गरेको समाचारमा जनाइएको छ।

१० अप्रिल २००९: पृष्ठ ४ मा "विक आयोगमा उपस्थित नभएको जानकारी" शीर्षकको काठमाडौं

डेटलाइनको एक कोलमको समाचारमा राष्ट्रिय मानवअधिकार आयोगले प्रचण्ड थैवका हत्याका आरोपित विक हालसम्म आायेगमा उपस्थित नभएकाले आयोगबाट भाग्ने वा भगाउने सवालै नउठ्ने बताएको जनाइएको छ।

विकलाई आायोगमार्फत प्रहरीमा बुझाउने भनी एकीकृत माओवादीका तर्फबाट सदनमा व्यक्त धारणाका सम्बन्धमा कुनै औपचारिक जानकारी नभएको पनि आयोगले स्पष्ट गरेको समाचारमा जनाइएको छ।

११ अप्रिल २००९: प्रथम पृष्ठमा “माग पूरा नभएसम्म आन्दोलन जारीः एमाले” शीर्षकमा डबल कोलमको समाचार काठमाडौंको डेटलाइनमा छापिएको छ। समाचारमा एमाले स्थायी कमिटी बैठकले थैव हत्याका अभियुक्तलाई माओवादीद्वारा सरकारसमक्ष नबुझाइएसम्म सङ्घर्ष जारी राख्ने निर्णय गरेको उल्लेख गरिएको छ।

१२ अप्रिल २००९: मुखपृष्ठमा “सदनको बैठक पुनःस्थगित” शीर्षकको काठमाडौं डेटलाइनमा छापिएको चार कोलमको समाचारमा थैवका हत्यारालाई माओवादीले प्रहरीमा बुझाउनुपर्ने एमालेको अडान र माओवादीले विगतका प्रतिबद्धता पालना गर्नुपर्छ भन्ने काङ्ग्रेसको मागका कारण सदन अवरुद्ध भएको जनाइएको छ। सोही दिनको *गोरखापत्र*को पृष्ठ ९ मा दोलखा डेटलाइनमा छापिएको “माओवादीले प्रेसबिनाको नेपाल चाहेको आरोप” शीर्षकको डबल कोलमको समाचार एमाले नेता प्रदीप नेपालको भाषणमा आधारित छ। माओवादीले थैवको हत्यारालाई कार्बाही नगरेसम्म संसद बैठक निरन्तर बहिष्कार गरिने दाबी भाषणमा गरिएको कुरा समाचारमा जनाइएको छ।

१३ अप्रिल २००९: मुखपृष्ठमा “माओवादी र एमालेबीच नौ बुँदे सहमति” शीर्षक तथा “संसद बैठक सुचारु हुने” उपशीर्षकको चार कोलमको समाचार प्रकाशित भएको छ। एमाले तथा माओवादी अध्यक्षद्वारा हस्ताक्षरित सहमतिमा थैवको हत्याको घटनाका अभियुक्त सुजित विकलाई प्रहरीसमक्ष बुझाउने क्रममा माओवादीबाट कमजोरी भएको स्वीकार गरिएको समाचारमा जनाइएको छ। सोही समाचारसँगै “के के सहमति भए ?” भन्ने तीन कोलमको शीर्षकमा सहमतिका बुँदाहरू प्रस्तुत गरिएका छन्।

### घ. ***नेपाल समाचारपत्र***

२७ मार्च २००९: प्रचण्ड थैवको हत्यासम्बन्धी समाचार छापिएको छैन।

२८ मार्च २००९: थैवको हत्यापछि तनावग्रस्त बुटवलको तीन कोलमको तस्बिरसहित ६ कोलमको समाचार मुखपृष्ठमा छापिएको छ। कर्फ्यु र बन्द कायमै रहेको बताउँदै एमाले अध्यक्ष दाहसंस्कारका लागि बुटवल आउने जानकारी उपशीर्षक दिइएको छ।

२९ मार्च २००९: माओवादी क्याण्टोनमेन्ट अपराधीको थलो भएको एमाले अध्यक्ष खनालको भनाइलाई शीर्षक बनाएर आन्दोलित समुदाय दर्शाउने तीन कोलमको तस्बिरसहित

मुखपृष्ठमा ४ कोलमको मुख्य समाचार छापिएको छ।

३० मार्च २००९: "थैवको हत्याको भर्त्सना" शीर्षकको पृष्ठ ५ मा एक कोलमको काठमाडौं डेटलाइनमा छापिएको समाचारको आरम्भमा नेकपा (मसाल) ले थैवको हत्यालाई माओवादीको अराजकतावादी र सामाजिक फासीवादको उदाहरण भएको बताएको जनाइएको छ।

३१ मार्च २००९: थैव हत्यासम्बन्धी कुनै समाचार वा अन्य सामग्री प्रकाशित भएको छैन।

१ अप्रिल २००९: "सरकारविरुद्ध सबै खनिए" शीर्षकमा मुखपृष्ठमा तीन कोलमको मुख्य समाचार बनाइएको छ। समाचारमा एमालेले थैवको हत्यारालाई गिरफ्तार गरी कार्बाही नगरिएसम्म संसद र क्याबिनेट बैठक चल्न नदिने भएपछि संसद अवरुद्ध भएको जनाइएको छ। संसद अवरुद्ध हुनुमा काङ्ग्रेस, तमलोपालगायतका पार्टीको विगतका सहमति र प्रतिबद्धता कार्यान्वयन नगरिएको विषय एवं सेना र अदालतउपर भएको हस्तक्षेपका सम्बन्धमा प्रधानमन्त्रीले संसदमै आएर जवाफ दिनुपर्ने मागसमेत रहेको समाचारमा उल्लेख गरिएको छ।

२ अप्रिल २००९: "सरकारविरुद्ध अन्य पार्टी" शीर्षकको सम्पादकीयमा प्रचण्ड हत्याकाण्डले बढाएको दण्डहीनताभन्दा पनि उनको हत्यापश्चात् संसदमा भएको गतिरोधका सम्बन्धमा चर्चा गरिएको छ। त्यति हुँदाहुँदै पनि सम्पादकीयमा हत्या भएकै हो र त्यसमा अमुक व्यक्ति दोषी रहेकै हो, त्यसैले सरकारको नजरमा विक निर्दोष नै हुन् भने उनको निर्दोषिता प्रमाणित गर्न पनि सरकाले कार्बाही गरेर देखाउन सक्नुपर्छ भन्ने उल्लेख गरिएको छ।

३ अप्रिल २००९: थैव हत्यासम्बन्धी कुनै समाचार वा अन्य सामग्री प्रकाशित भएको छैन।

४ अप्रिल २००९: मुखपृष्ठमा "सदन सुचारु हुनेमा आशङ्का" शीर्षकको एक कोलमको समाचारमा एमालेले वाई.सी.एल.का रूपन्देही संयोजक सुजित विकबाटै थैवको हत्या भएको किटानी जाहेरीसमेत प्रहरीमा दिइसकेको जनाइएको छ। तर समाचार मूलतः सदन अवरुद्ध भएको विषयमा केन्द्रित छ।

५ अप्रिल २०१०: थैव हत्यासम्बन्धी कुनै समाचार वा अन्य सामग्री प्रकाशित भएको छैन।

६ अप्रिल २००९: "संसद चलाउन प्रमको पहल" शीर्षकको दुई कोलमको समाचार मुखपृष्ठमै छापिएको छ। समाचारमा प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा तत्कालीन प्रधानमन्त्री प्रचण्डद्वारा संसद सुचालू गर्न अनुरोध गरिएको जनाइएको छ। समाचारमा प्रधानमन्त्रीको अनुरोधको प्रत्युत्तरमा खनालगायतका एमाले नेताहरूले बुटवलमा एमाले कार्यकर्ता थैवको हत्यामा संलग्न माओवादी कार्यकर्तालाई पहिले पक्राउ गर्न आग्रह गरेको जनाइएको छ।

७ अप्रिल २००९: यस विषयमा कुनै समाचार वा अन्य सामग्री प्रकाशित भएको छैन।

८ अप्रिल २००९: मुखपृष्ठमा छापिएका दुई भिन्न विषयका समाचार प्रकारान्तरले जोडिएका पनि छन्। "माओवादीले हत्यारा लुकाएको आरोप" शीर्षकको चार कोलमको समाचार व्यवस्थापिका-संसदको गतिविधिसँग सम्बन्धित छ। समाचारमा प्रधानमन्त्री कार्यालयले नै प्रचण्ड थैवको हत्यारालाई संरक्षण दिएको आरोप सत्तासाझेदार र प्रतिपक्षीहरूले लगाएको जनाइएको छ। त्यही कारण अपराधी पक्राउ नपरेको आरोप लगाउँदै सत्तासाझेदार र प्रतिपक्षी दलहरूले अघिल्लो दिन पनि व्यवस्थापिका-संसदको बैठक बहिष्कार गरेको समेत समाचारमा जनाइएको छ। तर त्यस समाचारसँगै छापिएको दुई कोलमको "केही मिडिया हाउस तस्करको सञ्चालनमा" शीर्षकको अर्को समाचारले नेपाली मिडियालाई तर्साउन खोजेको प्रस्टै देखिन्थ्यो। समाचारको आरम्भमा तत्कालीन प्रधानमन्त्री दाहालले केही तस्करहरूले सञ्चालन गरेको मिडिया हाउसले जनतालाई दिग्भ्रमित पार्न खोजेको आरोप लगाउँदै मिडिया क्षेत्र जनमुखी नभए आफैं समाप्त हुने बताउनुभएको जनाइएको छ।

९ अप्रिल २००९: मुखपृष्ठमा "थैव हत्याका अभियुक्त विक फरार" शीर्षकमा छापिएको पाँच कोलमको मुख्य समाचारमा माओवादीले भगाएको आरोप, संसद बहिष्कार जारी जस्ता हाइलाइट राखिएका छन्। मूल समाचारको बीचमा "विकले हत्या गरेको प्रमाणितः खनाल" शीर्षकको दुई कोलमको बक्स समाचार झलनाथ खनालको सानो तस्बिरसहित छापिएको छ।

काठमाडौंमा तयार गरिएको उक्त मुख्य समाचारको आरम्भमै सुजित विक फरार भएको कुरा माओवादीले जनाएको बताइएको छ। आरोपित विकलाई दुई दिनअघि राष्ट्रिय मानवअधिकार आयोगमा आत्मसर्पण गर्न निर्देशन दिएर पठाइएको भए पनि पार्टी निर्देशन उल्लङ्घन गर्दै उनी फरार भएको पनि समाचारमा जनाइएको छ। समाचारमा अघिल्लो दिन माओवादी केन्द्रीय सचिवालयको बैठकले विकलाई पार्टीबाट निष्कासन गर्ने निर्णय गरेको बताइएको छ।

समाचारमा व्यवस्थापिका-संसदको अघिल्लो दिनको बैठक कार्यसूचीमा प्रवेश गर्नुअघि माओवादीलगायतका नेताहरूले बोलेको विवरण पनि दिइएको छ।

सोही समाचारभित्र समाविष्ट पोखराबाट पठाइएको सानो बक्स समाचारमा खनालाद्वारा त्यहाँ आयोजित प्रेस भेटघाट थैवका हत्यारा पक्राउ परेपछि न्यायको जित हुने बताइएको जनाइएको छ।

यही अङ्कमा पृष्ठ ४ मा विचार स्तम्भअन्तर्गत संसदमा कायम रहेको द्वन्द्वसम्बन्धी लेखमा थैव हत्याकाण्डलाई माओवादी कार्यकर्ताको उग्रताको उदाहरणका रूपमा प्रस्तुत गरिएको छ।

१० अप्रिल २००९: थैव हत्यासम्बन्धी कुनै समाचार छापिएको छैन। तर "दोषीलाई बुझाऊ" शीर्षकको

सम्पादकीयमा बुटवल हत्याकाण्डकै कारण बारम्बार सदन अवरुद्ध हुँदै आएकोले फरार भनिएका अभियुक्त विकलाई खोजी गरी माओवादीले आफै सरकारसमक्ष बुझाएर समस्यालाई निकास दिनुपर्छ भन्ने धारणा व्यक्त गरिएको छ।

११ अप्रिल २००९: "संसद चलाउन प्रयत्न जारी" शीर्षकको काठमाडौंमा तयार गरिएको पाँच कोलमको मूल समाचारमा थैव हत्याकाण्डका सम्बन्धमा सदनमा देखिँदै आएको प्रतिक्रियालाई समेटिएको छ। "आज पनि चल्ने सम्भावना न्यून" हाइलाइट रहेको समाचारमा बुटवल हत्याकाण्डलगायत माओवादीबाट भएका अन्य हिंसाको सदनमा विरोध गरिएको जनाइएको छ। समाचारमा एमालेले विगतमा भएका सहमति तथा प्रतिबद्धता कार्यान्वयन गराउन प्रधानमन्त्री एवं माओवादी अध्यक्षसँग वार्ता गर्ने निर्णय गरेको बताइएको छ। थैव हत्याका दोषीलाई पक्राउ गर्ने, विगतमा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न विश्वासिलो आधार प्रदान गर्दै प्रधानमन्त्रीद्वारा विगतका कमीकमजोरीप्रति आत्माआलोचना गरिए संसद सञ्चालन गर्न सकारात्मक हुने अन्यथा थप सङ्घर्ष गर्ने निर्णय एमाले स्थायी कमिटीले गरेको पनि समाचारमा जनाइएको छ। दलहरूबीच सहमति हुन नसक्दा औपचारिक कार्यक्रममा प्रवेश नगरी बैठक स्थगित हुँदै आएको समाचारमा जनाइएको छ।

१२ अप्रिल २००९: पृष्ठ ५ मा "माओवादी एमाले गतिरोध अन्त्य गर्ने सहमति" शीर्षकमा तीन कोलमको काठमाडौंमा तयार गरिएको समाचारमा एमाले र माओवादीबीच अघिल्लो दिन एमाले संसदीय दल सिंहदरबारमा भएको उच्चस्तरीय बैठकको विवरण प्रस्तुत गरिएको छ। समाचारमा हत्या हिंसा अन्त्य गर्ने, विगतमा माओवादीबाट भएका कमजोरीप्रति आत्मआलोचना गरी आगामी दिनमा त्यस्ता घटना हुन नदिन गम्भीरतापूर्वक ध्यान दिने, तल्ला निकायलाई कडा निर्देशन दिने, विगतका सहमति कार्यान्वयन गर्ने जस्ता सहमति भएको जनाइएको छ। संविधानसभाको बैठक १३ अप्रिलदेखि सुचालू हुने भनेर समाचारमा बताइएको छ।

१३ अप्रिल २००९: मुखपृष्ठमा "माओवादी एमाले नौ बुँदे सहमति" सानो र "सरकारलाई प्रभावकारी बनाउने प्रतिबद्धता" ठूलो शीर्षक राखी काठमाडौं डेटलाइनमा छापिएका दुई कोलमको समाचारमा सहमतिमा हस्ताक्षर भएपछि १५ दिनदेखि अवरुद्ध संसद चल्ने सम्भावना भएको जनाइएको छ। थैवको हत्यामा संलग्न भनिएका विकलाई पक्राउ गरी कानुनी प्रक्रियामा ल्याउन दुवै दल सहमत भई पक्राउ गर्न माओवादीको सम्पूर्ण पार्टी पङ्क्तिले सहयोग गर्ने निर्णय भएको पनि सहमतिमा जनाइएको छ। विक फरार हुन सक्ने सम्भावनाप्रति आवश्यक मात्रामा सचेत एवं सावधान हुन नसक्नु र अभियुक्तलाई प्रहरीसमक्ष पुऱ्याउने कार्य सुनिश्चित हुन नसक्नुमा एकीकृत माओवादीका तर्फबाट कमजोरी भएको पनि स्वीकार गरिएको समाचारमा जनाइएको छ।

थैवलाई सरकारका तर्फबाट शहीद घोषणा गर्न, उनको परिवारलाई आर्थिक सहयोग प्रदान गर्न र उनका नाबालकहरूको शिक्षादीक्षाको जिम्मेवारी वहन गर्न दाहाल सरकारलाई अनुरोध गर्ने निर्णय भएको समाचारमा बताइएको छ। समाचारमा दुई पार्टीबीचको नौ बुँदे सहमतिमा दुई पार्टीका अध्यक्षले रंगशालामा हस्ताक्षार गरेको जनाइएको छ।

**समाचार विश्लेषणको सारांश**

- २७ मार्च २००९ (घटना भएको भोलिपल्ट), प्रचण्ड थैवको हत्यासम्बन्धी समाचार यस अध्ययनमा समेटिएका कुनै पनि दैनिकमा छापिएको छैन। घटनाको भोलिपल्टदेखि नेकपा (एमाले) ले सडक प्रदर्शन, बन्द, विरोधसभा र सदन अवरुद्ध गर्न थालेपछि लगातार १७ दिनसम्म उनको हत्यासँग जोडिएर उत्पन्न प्रतिक्रियाहरूको समाचार बनाइए। तर सबै समाचारहरू थैवको हत्यापछि विकसित परिघटनासँग सम्बन्धित थिए।
- घटना भएको पर्सिपल्टदेखि छापिएका सबै समाचार वा अनुगमन समाचारमा समानता के छ भने ती सबै मूलतः भाषणमा नै आधारित छन्। सबै दैनिकमा घटना र घटनापछि उत्पन्न प्रतिक्रियाका समाचार एकैचोटि छापिए।
- १७ दिनसम्म कुनै न कुनै समाचार सामग्रीहरू आइरहे पनि सबै दैनिकहरूले कहाँ, कहिले, के, को, कसरी र किन जस्ता समाचारका आधारभूत तत्त्वहरूमध्ये “किन”को जवाफ खोज्ने प्रयत्न गरेको देखिँदैन।
- थैव हत्यासम्बन्धी समाचारको १७ दिनसम्मको शृङ्खलामा राजनीतिक पार्टीहरू (नेकपा एमाले र एनेकपा माओवादी) बीचमा उक्त घटनालाई केन्द्रमा राखेर गरिएको लिखित सहमति अन्तिम समाचार बन्यो।
- थैवको हत्यापछि छापिएका समाचारहरू व्यक्तिको जीवनको अधिकार हननसम्बन्धी घटनाको अनुगमन जस्ता देखिए पनि सबैजसो घटना प्रतिक्रियाको सपाट रिपोर्टिङ नै थिए। पछिल्लो चरणमा थैव हत्याका अनुगमन समाचारको अन्तर्वस्तु एमाले-माओवादी सम्बन्ध र सदनको गतिविधि नै बन्न पुगेका थिए।
- हत्याराको खोजी र कानुनी कार्बाहीको अभावमा दण्डहीनतको अवस्था देखिएकोले होइन संसद अवरुद्ध भएकोले थैव हत्यासम्बन्धी अनुगमन समाचार बनेको देखिन्छ।
- ६ अप्रिल २००९ का दिन *कान्तिपुर*ले थैव हत्यासँग सम्बन्धित विषयमा छापेको सम्पादकीयमा “संसदलाई बन्धक थलो नबनाऊ” शीर्षकमा विश्लेषण गरिएको छ। यस प्रकरणमा अखबारमा आएका सामग्रीमध्ये घटनाको निष्पक्ष छानबिनका निम्ति यसरी आवाज उठाई पीडितलाई न्याय दिलाउन पहल गरिएका कारण उक्त सामग्री उल्लेखनीय छ। मानवअधिकारको संरक्षणको पहलका दृष्टिले यो सम्पादकीय प्रभावकारी देखिन्छ।

- ९ अप्रिल २००९ का दिन *कान्तिपुर*को मुखपृष्ठमा "थैव हत्याका अभियुक्त माओवादी संरक्षणमा" शीर्षकमा काठमाडौंमा कार्यरत पत्रकारले तयार गरेको समाचार उनको हत्यापछि उत्पन्न प्रतिक्रियासम्बन्धी नभएर उनको हत्यासँग जोडिएका तथ्यसम्बन्धी जानकारी प्रदान गर्ने किसिमको छ। यस्तै प्रकृतिका समाचारले नै मानवअधिकारको संरक्षण र संवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् ।
- बुटवलमा प्रचण्ड थैव मारिएकै दिन वीरगन्जमा पनि एकाबिहानै एक १९ वर्षीय छात्रको गोली हानी हत्या गरिएको थियो । वीरगन्ज १३ घडिअर्वाका सञ्जय गुप्ताको हत्याका सम्बन्धमा भोलिपल्ट २७ मार्चकै *अन्नपूर्ण पोष्ट*ले मुखपृष्ठमै एक कोलमको समाचार छापेको थियो। तर त्यो समाचार एक दिन सङ्क्षेप स्तम्भमा छापिएपछि भोलिपल्टदेखि नै पुरानो भयो। यस्ता दृष्टान्तलाई मध्यनजर गर्दा नेपाली प्रेसमा आममानिस वा कुनै सङ्गठित शक्तिपछाडि नरहेको नागरिकको हत्या तथा अपहरणको समाचारका निम्ति स्थान घट्दै गएको देखिन्छ।
- नेपाली काङ्ग्रेसका महासमिति सदस्य जुम्लाका उमाकान्त हमालको २२ मे २००९ राती हत्या गरियो। भोलिपल्ट कुनै पनि ठूला दैनिकहरूमा उनको हत्याको समाचार छापिएन। ढिलो गरी उनको हत्याको समाचार छापियो। तर उल्लेखित सबै समाचारमा महासमिति सदस्य हमाल किन मारिए होलान् भन्ने जिज्ञासा शान्त हुने खालको विवरण पाइँदैन। प्रचण्ड थैवको हत्यापछि एमालेमा उत्पन्न भए जस्तो प्रतिक्रिया नदेखिएकैले हुन सक्छ मिडियामा हमालको हत्याले उल्लेखनीय स्थान पाएन।
- प्रचण्ड थैवको हत्यासम्बन्धी रिपोर्टिङ जस्तै उमा सिंहको हत्यासम्बन्धी रिपोर्टिङ पनि घटनापछिका प्रतिक्रियामा केन्द्रित देखिन्छन्। प्रतिक्रियालाई ठाउँ दिने क्रममा घटनासम्बन्धी आधारभूत सवालहरूको खोजी कार्य ओझेलमा परेको देखिन्छ।

## ४. निष्कर्ष

### १. प्रेसः केवल सन्देशवाहकको भूमिकामा

आमसञ्चारमाध्यमको सञ्चार क्षमतालाई मात्र महत्त्व दिने प्राविधिक पक्षको बोलवाला भएको अवस्थामा ट्रान्समिसन मोडेल कार्यान्वयन हुन जान्छ। घटनाक्रम वा विषयवस्तुका सन्दर्भमा केही व्यक्तिहरूका भाषण वा भनाइ छापेर दैनिकहरूले आमसञ्चारको ट्रान्समिसन मोडेललाई पछ्याएको देखिन्छ। कसैले बोलेको कुरालाई टिप्ने वा प्रसार गर्ने यान्त्रिक शैलीलाई ट्रान्समिसन मोडेल भनिएको हो। कुनै पनि घटना वा घटनाक्रमका विषयमा जनताका सामु सूचना वा विश्लेषण पर्याप्त परिमाणमा प्रस्तुत नगरी केवल भनाइ वा भाषणको सम्प्रेषण गर्नु यस्तो मोडललाई पछ्याउनु हो।

यस अध्ययनमा उल्लेख भएका दैनिकहरूले मूलतः ट्रान्समिसन मोडेलमा आधारित रहेर समाचार प्रसारण गरेको देखिन्छ। तटस्थतापूर्वक भाषणलाई स्थान दिनु व्यावसायिकता अवश्य हो। तर भाषणमा उठाइएका सवाल वा तथ्यका सम्बन्धमा आफ्नोतर्फबाट कुनै खोजतलास नहुने र केवल भाषणले मात्र ठाउँ पाइरहने क्रम भयो भने पत्रकारितामा सृजनशीलता रहँदैन। यस्तो प्रकृतिको सञ्चारमा सम्प्रेषकको ध्याउन्ना सङ्कलित सन्देश प्रापकसम्म पुर्‍याउनेमा मात्रै सीमित हुने गर्दछ।[1]

विश्वविख्यात आमसञ्चारविज्ञ मक्वाइलको विचारमा ट्रान्समिसन मोडेलअनुसार आमसञ्चारका पत्रकार सामान्यतः सन्देश वा सञ्चारको सृजना गर्दैनन्। तत्कालको घटनाप्रधान समाचार र विज्ञापन ट्रान्समिसन मोडेलमा प्रभावकारी हुने मक्वाइलले बताएका छन्।[2] यस अध्ययनमा उल्लेखित थैव हत्यासम्बन्धी अधिकांश अनुगमन ट्रान्समिसन मोडेलमा भएका देखिन्छन्। कसैले भनेको कुरा वा कुनै घटनाको यान्त्रिक शैलीमा प्रसार गर्नु र त्यस सम्बन्धमा गहिराइमा गई खोजतलास गर्न नसक्नु वस्तुतः व्यावसायिक दक्षता, सृजनशीलताको अभाव, दण्डहीनता र त्रासको कारण हो। आधुनिक यन्त्रहरूको प्रयोग गरी समाचारलाई फिँजाउनु मात्र व्यावसायिक पत्रकारिता होइन। व्यावसायिक दक्षता अन्तर्वस्तुको गहिराइले दर्शाउँछ।

त्रासको वातावरणमा सृजनशीलता फस्टाउन सक्दैन। त्यसैले भाषणको समाचारलाई जस्ताको त्यस्तै प्रस्तुत गर्नुका साथै अखबारले त्यस विषयमा आफ्नो खोजी, टिप्पणी र धारणा प्रस्तुत नगर्नुको मुख्य कारण सङ्गठित शक्तिहरूले दिने धम्की र उनीहरूको कारण पत्रकारमा उत्पन्न भएको भय हो। भयरहित वातावरणको अभावका कारण पत्रकारहरू खोजी गर्नेभन्दा अरूको उद्धरण प्रस्तुत गर्न सहज ठान्दछन्। भयले नै उनीहरूलाई व्यावसायिक हुनबाट रोकेको छ।

---

१ वाटसन (२००४), पृ. ३३।

२ मक्वाइल (२०००), पृ. ५३।

## २. निर्वाध अभिव्यक्तिको अभाव

असुरक्षाको वातावरणका कारण नेपाली प्रेसको अन्तर्वस्तु प्रभावित हुँदै आएको छ । समाचारको उद्‌गममै त्रासको मनोविज्ञान रहेकोले हत्या, हिंसा, अपहरण जस्ता मानवअधिकार उल्लङ्घनका घटनाका सम्बन्धमा खोजमूलक समाचार बन्न सकेका छैनन् ।

मक्वाइलले सार्वजनिक मत निर्माणको सिद्धान्तकै एक हाँगाका रूपमा 'स्पाइरल अफ साइलेन्स'का बारेमा व्याख्या गरेका छन् । नोएल नेउम्यानद्वारा अघि सारिएको र परीक्षण गरिएको उक्त अवधारणाअनुसार मानिस आफूवरिपरिको मत निर्माणको मौसमबाट प्रभावित हुने गरेका छन् । मक्वाइलले आमसञ्चारमाध्यमको दीर्घकालीन र अप्रत्यक्ष प्रभावको सूचीमा स्पाइरल अफ साइलेन्सलाई राखेका छन् ।[३] जसलाई निम्न बुँदाहरूमा समेट्न सकिन्छः

- समाजले नै नजाँनिदो ढङ्गमा फरक मत राख्नेहरूलाई अलग पार्ने चेतावनी दिन्छ
- व्यक्तिहरू एक्ल्याइने त्रासमा हुन्छन्
- बहिष्कृत हुने त्रासका कारण व्यक्तिहरू सधैँ मत राख्ने वातावरणको परीक्षण गरिरहेका हुन्छन्
- अलग पारिने कारणले नै व्यक्तिको सार्वजनिक व्यवहारमा असर पर्न जान्छ र व्यक्तिमा निर्भयताको अभाव देखिन जान्छ ।

'स्पाइरल अफ साइलेन्स'को अवधारणाअनुसार मानिस आफ्नो मत अल्पमतमा पर्ने भय भयो भने लुकाउन चाहन्छन् र आफ्नो मत प्रभावशाली हुने जस्तो लाग्यो भने अभिव्यक्त गर्न चाहन्छन् । मक्वाइलका अनुसार मिडियामा कुनै मत प्रभावशाली रूपमा छायो भने समाजका अन्य पक्षहरूमा त्यसको प्रभाव पर्न जान्छ र व्यक्तिगत अभिव्यक्तिहरू पनि त्यही रूपमा प्रभावित हुन थाल्छन् ।[४]

नेपाली मिडियाले सङ्गठित शक्तिहरूको धम्कीबाट नजानिंदो किसिमले देशव्यापी रूपमा छाएको भय र त्रासको मनोविज्ञानलाई चिर्न बाँकी रहेको देखिन्छ । नेपालमा अहिले पत्रकारहरू सेल्फसेन्सरसिप कायम रहेको बताउँछन् । सक्रिय पत्रकारहरू भन्छन्, "सङ्गठित धम्की छ ।" कतिपय समाचार बनाउनुपर्ने कुरालाई समाचारमा समेट्न नसकिरहेको, बोल्नुपर्ने कुरामा पनि नबोलेर उदासीनता देखाएको उनीहरू बताउँछन् । नेपाली मिडियाका सामु वस्तुनिष्ठ हुन गाह्रो हुने एउटा प्रमुख कारण भय हो भन्ने ठहर पत्रकारहरूको छ । उनीहरू भन्छन्, "हिंसाकै कारण पत्रकार डराएका छन् भन्ने होइन । तर असहिष्णुताले अभिव्यक्तिमा असर त पारेको छ, सेल्फसेन्सरसिपको वातावरण उत्पन्न गराएको छ ।" उनीहरूको भनाइ छ, "काठमाडौंभन्दा बाहिर पत्रकारहरूमा अनावश्यक आत्मनियन्त्रण बढी परिमाणमा रहेको छ ।"[५]

---

३ ऐ.ऐ., पृ. ४६१ ।

४ ऐ.ऐ., पृ. ४६२ ।

५ नेपाल पत्रकार महासङ्घका ४१ जिल्ला शाखाका सभापतिहरूसँग गरिएको कुराकानी र एएसडीले काठमाडौं, ललितपुर र महेन्द्रनगरमा आयोजना गरेको छलफल कार्यक्रममा पत्रकारहरूबाट व्यक्त विचार ।

## ३. खोजमूलक समाचारबिना मानवअधिकार संरक्षण असम्भव

कुनै सङ्गठित संस्थाको सदस्य नरहेका सर्वसाधारण नागरिकको अधिकार हनन भएका घटनालाई निकै कम मात्रामा समाचार बनाइएको छ। त्यस्ता घटनाको अनुगमन मिडियाबाट साह्रै कम भएको छ। मानवअधिकार उल्लङ्घन भएका घटनामा कुनै राजनीतिक दल वा अरू सङ्गठित शक्तिले प्रतिक्रिया देखाएमा मात्र त्यस्ता घटनाहरू समाचार बन्ने गरेका छन् । सङ्गठित शक्तिले प्रतिक्रिया जनाएका कारण ज्यादै चर्चा परिचर्चा गरिन्छ। तर मिडियाका तर्फबाट त्यस्ता घटनाका सम्बन्धमा खोजमूलक समाचार बनाइएको पाइँदैन। यस्तो हुनुको एउटा प्रमुख कारण पत्रकारहरूको सुरक्षाको अभाव हो। कतिपय अवस्थामा सङ्गठित शक्तिहरू स्वतन्त्र प्रेसविरुद्ध देखिने गरेकाले पनि सञ्चारकर्मी असुरक्षित भएका हुन् ।

व्यक्तिको जीवनको अधिकारको हनन भएको घटनाहरूमा अनुगमन सामग्री आए पनि घटनाका सम्बन्धमा नयाँ नयाँ जानकारी होइन घटनाउपरको प्रतिक्रियाले नै अखबारमा ठाउँ पाएका छन् । कुनै पनि घटनाको कारण, नियत वा घटनासँग जोडिएका अन्य तथ्यसम्बन्धी अनुसन्धानमूलक सामग्रीहरू उजागर भएको अवस्थामा मात्र पीडितलाई न्याय प्राप्त गर्न सहयोग पुग्दछ।

यस अध्ययनका आधारमा हेर्दा, दैनिकहरूमा प्रकाशित समाचारहरूले दण्डहीनताको रोकथाममा ठोस योगदान पुग्न सकेको देखिंदैन । तत्काल घटना उजागर गरेर प्रेसले मानवअधिकार संरक्षणमा उल्लेखनीय भूमिका निर्वाह गर्न सक्छ । तर मानवअधिकार उल्लङ्घनका घटनाका सम्बन्धमा उपलब्ध भएसम्मका तथ्य निष्पक्ष र निर्भय भएर उजागर नगरी राजनीतिक शक्तिको प्रतिक्रिया र त्यसले उत्पन्न गरेको परिघटनाको पछिपछि मात्र लाग्ने हो भने मानवअधिकार संरक्षण र प्रवर्द्धनमा प्रेसले योगदान गर्न सक्ने छैन । स्वतन्त्रताको उपभोग अनि व्यावसायिक सीपको प्रयोग गरी स्तरीय सामग्री तयार गरिएको र आममानिसबीच व्यापक पहुँच भएको अवस्थामा मिडियाले आफ्नो सामाजिक उत्तरदायित्व कुशलतापूर्वक वहन गर्न सक्दछ।

# ५. सुझाव

- राज्य तथा गैरराज्य पक्षबाट समेत कुनै पनि प्रकारको त्रास फैलाउने कार्य नभएको अवस्थामा मात्र नेपाली प्रेसका लागि निर्बाध स्वतन्त्रताको प्रत्याभूति गर्न सकिन्छ। यसतर्फ राज्यका सम्पूर्ण निकाय, सरकार तथा समस्त राजनीतिक दलहरूको ध्यान जानु जरुरी छ। सम्पूर्ण नेपाली समाजमा झैं नेपाली प्रेसमा पनि भयरहित वातावरणको सृजना गर्न माओवादीलगायतका सङ्गठित शक्ति र राजनीतिक दलहरूले प्रेसलाई प्रभावित गर्ने नीति नभएको भनेर मात्र पुग्दैन। तदनुसारको आचरणसमेत प्रदर्शित हुन जरुरी छ।

- नेपाली मिडियाले व्यावसायिक दक्षताको अभिवृद्धिमा जोड दिँदै समाचार तथा धारणाको सङ्कलन, सम्पादन तथा सम्प्रेषणमा सृजनशीलताको अधिकतम प्रयोग गर्न सक्नुपर्दछ। नेपाली प्रेसले मानवअधिकार संरक्षण र संवर्द्धनमा अझ प्रभावकारी भूमिका निर्वाह गर्न स्वतन्त्रताको प्रत्याभूति खोज्नुका साथै सामग्रीको तयारीमा पूर्णतः व्यावसायिक सीप र आचरण अवलम्बन गर्न जरुरी हुन्छ।

- प्रेसकै तदारुकतामा कुनै शक्तिले कडा प्रतिक्रिया नजनाएको सामान्य व्यक्तिको अन्यायपूर्वक हत्या भएको घटनाले कति महत्त्व पाएको छ ? शक्तिविहीनलाई न्याय दिलाउन प्रेस स्वयं सक्रिय भएर अग्रसर हुन सकेको छ कि छैन ? मानवअधिकारको संरक्षण र संवर्द्धनमा आफ्नो भूमिका खोजी गर्ने क्रममा मिडियाले यस्ता प्रश्नको उत्तर खोज्ने प्रयत्न गर्नु उपयुक्त हुन्छ।

- मानवअधिकारको संरक्षण वा संवर्द्धनका दृष्टिले हेर्दा प्रेसले कुनै समाचारलाई महत्त्व दिएर पीडितलाई सहयोग पुऱ्याउन सक्छ। तर प्रेसले पर्याप्त सचेतता नअपनाएको अवस्थामा घटना सेलाएर जान्छ। मानवअधिकार उल्लङ्घनका त्यस्ता घटनाले मिडियामा ठाउँ पाए पनि आधारभूत व्यावसायिक दक्षताबिना तयार गरिएका सामग्री न्याय दिलाउने क्षमताका हुँदैनन्। यस सन्दर्भमा प्रेसले आफ्नो सचेत पहल र व्यावसायिक दक्षता कति प्रदर्शन गरेको छ अनि कुनै खास शक्तिले घटनाक्रमलाई अघि बढाउन कति जोड लगाएको छ भन्ने पहिल्याउन जरुरी हुन्छ।

- मानवअधिकारको संरक्षण र संवर्द्धनमा नेपाली प्रेसको भूमिकाका सम्बन्धमा बहस गर्नुपर्ने देखिन्छ।

## ६. सन्दर्भसामग्री

इन्सेक । २०१० । *मानवअधिकार वर्ष पुस्तक २०१०* । काठमाडौँः इन्सेक ।

"एक सय नौ समूहको चिरफार", *कान्तिपुर,* १ जुलाई २००८ ।

ओएचसिएचआरद्वारा भैरहवामा १९-२१ अप्रिल २००९ मा आयोजित मानवअधिकार र मिडियासम्बन्धी कार्यक्रममा दोस्रो दिन भएको छलफलमा उठेको प्रसङ्ग ।

नेकपा (माओवादी) । २०६४ जेठ । "वर्तमान परिस्थिति र हाम्रो ऐतिहासिक कार्यभार ।" *नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का ऐतिहासिक दस्तावेजहरू* । मेची-कोसी क्षेत्रीय ब्युरो, पूर्वी कमाण्डः प्रसवि प्रकाशन नेकपा (माओवादी) ।

नेकपा (माओवादी) । २०६४ जेठ । "महान् अग्रगामी छलाङः इतिहासको अपरिहार्य आवश्यकता ।" *नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का ऐतिहासिक दस्तावेजहरू* । मेची-कोसी क्षेत्रीय ब्युरो, पूर्वी कमाण्डः प्रसवि प्रकाशन नेकपा (माओवादी) ।

नेकपा (माओवादी) । मे-जून २००७ । "वर्तमान परिस्थिति र पार्टीको नयाँ कार्यभारबारे ।" *नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का ऐतिहासिक दस्तावेजहरू* (तेस्रो संस्करण) ।, काठमाडौँः प्रगतिशील अध्ययन केन्द्र ।

नेकपा (माओवादी) । मे-जून २००७ । "महान् अग्रगामी छलाङः इतिहासको अपरिहार्य आवश्यकता ।" *नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का ऐतिहासिक दस्तावेजहरू* (तेस्रो संस्करण), काठमाडौँः प्रगतिशील अध्ययन केन्द्र ।

नेपाल पत्रकार महासङ्घ । २०६१ । *पत्रकारिता,* कात्तिक-मङ्सिर । काठमाडौँः नेपाल पत्रकार महासङ्घ ।

"प्रेस स्वतन्त्रता राष्ट्रिय सम्मेलन सुरुः आन्दोलन टुङ्गयाउन सभाध्यक्षको सुझाव", *अन्नपूर्ण पोष्ट,* २९ मार्च २००९ ।

युएनडीपी । २०६४ । *नेपालको अन्तरिम संविधान, २०६३* । काठमाडौँः युनएनडीपी ।

"सम्पादकीय", *हिमाल खबरपत्रिका,* १६-३० चैत २०६४ ।

सामाजिक संवादका लागि सहकार्यद्वारा २०६६ माघ १७ गते ललितपुरमा आयोजित मिडियाउपर संवाद विषयक अन्तरक्रिया कार्यक्रमका सहभागीद्वारा दिइएको जानकारी ।

सामाजिक संवादका सहभागीको विचार र अन्तर्वार्ताको निष्कर्ष । मार्टिन चौतारीद्वारा सामाजिक संवादका लागि सहकार्य (एएसडी) को सहयोगमा ८ मे २००९ मा काठमाडौँमा आयोजित छापा माध्यमको अवस्था र चुनौती विषयक छलफलमा युवराज घिमिरे, प्रतीक प्रधान र कृष्णज्वाला देवकोटाको विचार ।

McQuail, Denis. 2000. *McQuail's Mass Communication Theory* (fourth edition). London: Sage Publications.

"Nepalese Maoists admit journalist murder", 6 November 2007 <www.monstersandcritics.com/news/southasia/news/article_1371292.php/Nepalese_Maoists_admit_journalist_murder>

Watson, James. 2004. *Media Communication: An Introduction to Theory and Process* (second edition). Delhi: Palgrave.

# सामाजिक संवादका लागि सहकार्य (एएसडी)

'सामाजिक संवादका लागि सहकार्य' (एलायन्स फर सोसल डायलग - एएसडी) नेपालका विभिन्न ठाउँमा भिन्न-भिन्न विषय र क्षेत्रमा क्रियाशील संस्था एवं व्यक्तिहरूबीच संवाद प्रक्रियाबाट सहकार्यको संस्कृति विस्तार गर्ने उद्देश्य लिएर सुरू भएको अभियान हो । लोकतान्त्रिक मूल्य र मान्यता प्रवर्द्धन गर्नु यसको मूलभूत उद्देश्य हो । यो उद्देश्य प्राप्त गर्नका निम्ति एएसडीले नेपाली समाजको सरोकारका समसामयिक विषयमा सम्बद्ध पक्षबीच अन्तरक्रिया/बहस गर्दै, गराउँदै आएको छ ।

मानवअधिकार, स्वतन्त्र सञ्चार र शिक्षा आदि सामाजिक महत्त्वका क्षेत्रमा काम गरिरहेका नेपाली सरोकारवालाहरूसँग सहकार्य गर्दै बौद्धिक संवादका लागि प्रयत्नरत रहनु एएसडीको ध्येय हो । यही ध्येयअनुरूप एएसडीले यी क्षेत्रमा काम गरिरहेका संस्था तथा व्यक्तिहरूबीच सहकार्य र संवाद बढाउन परामर्श, छलफल, अध्ययन र कार्यशाला गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्दछ । यस्ता छलफलले उच्च प्राथमिकतामा राखेका विषयहरूमा नीतिगत र गहन प्रकृतिको संवाद अघि बढाउन अवधारणापत्र समेत प्रकाशन गर्ने गर्दछ ।

एएसडीले मानवअधिकार, स्वतन्त्र सञ्चार र शिक्षाका क्षेत्रमा सक्रिय रहेर लोकतन्त्र तथा खुला/स्वतन्त्र समाजको प्रवर्द्धनमा लागिपरेका संस्था तथा व्यक्तिहरूका बीचबाट नयाँ र सिर्जनशील विषयहरु पहिचान गरी आगामी दिनमा काम गर्न सकिने विषयहरूको प्राथमिकता निर्धारण गरेको छ । त्यस्ता विषयहरूमा काम गर्न चाहिने अनुदान रकम प्राप्त गर्न अन्तर्राष्ट्रिय स्तरका सहयोगी संस्थाहरूसँग सहकार्य गर्दै स्थानीय र अन्तर्राष्ट्रिय संस्थाहरूबीचमा सञ्जाल निर्माण गर्ने काम पनि अगाडि बढाइएको छ ।

सरोकारवालाहरूसँगको छलफलका क्रममा प्राथमिकतामा परेका विषयहरूमा रचनात्मक कार्यक्रम सञ्चालन गर्न एएसडीले स्थानीय सङ्घसंस्थाहरूलाई प्रेरित गर्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका अवधारणा, नीति तथा कार्यक्रमहरूलाई सघाउ पुऱ्याउन सक्ने र स्थानीय स्तरमा देखिएका बाधा-व्यवधानहरु पहिचान गरी दिगो समाधान दिन सक्ने प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्नका लागि परियोजना प्रस्ताव तयार पारी अनुदान रकमका लागि आवेदन पेस गर्न पनि एएसडीले स्थानीय सङ्घसंस्थाहरूलाई प्रोत्साहित गर्दै आएको छ ।

Alliance for Social Dialogue

9 789937 238403